दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १९६ | बुटवल | २०८२ असार २८ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday July. 12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## देशभर झण्डै दुई हजार जनामा डेंगु संक्रमण




बुटवल । लामखुट्टेको टोकाइबाट सर्ने डेंगु संक्रमण देशभर १ हजार ९०५ जनामा देखिएको छ । इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार ७३ जिल्लाका १ हजार ९०५ जनामा डेंगु देखिएको हो ।

महाशाखाका अनुसार एक सातामा ६४ जनामा पुष्टि भएको छ । सबै प्रदेशमा देखिएको डेंगु सबैभन्दा बढी गण्डकी प्रदेशमा ४६४ जनामा देखिएको छ । बागमतीमा ४४१, कोशीमा ३५३, लुम्बिनीमा ३०५, सुदुरपश्चिम प्रदेशमा २६८ कर्णालीमा ३६ र मधेश प्रदेशमा ३४ जनामा डेंगु देखिएको छ ।

एडिस जातको पोथी लामखुट्टेको टोकाईबाट सर्ने डेंगु संक्रमण यस वर्ष ६० हजारभन्दा बढी व्यक्तिमा देखिन आँकलन गरिएको छ । डेंगुको चार वटा सेरोटाइपमध्ये नेपालमा चारैवटा सेरोटाइप देखिएको छ । चार सेरोटाइप लाग्ने व्यक्तिमा गम्भीर लक्षण देखिने चिकित्सक बताउँछन् ।

## बामदेव नेकपा एसमा जाने



बुटवल । नेकपा एकता राष्ट्रिय अभियानका अध्यक्ष बामदेव गौतम नेकपा एकीकृत समाजवादीमा समाहित हुने भएका छन् ।

साउन २ गते राष्ट्रियसभा गृहमा समारोह आयोजना गरी नेकपा एकता राष्ट्रिय अभियान र एकीकृत समाजवादीको एकता घोषणा गरिने छ ।

यससम्बन्धी सहमतिमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेकपा एकता राष्ट्रिय अभियानका अध्यक्ष बामदेव गौतमले हस्ताक्षर गरेका छन् ।

सहमति पत्रमा दुवैको राजनीतिक सिद्धान्त मिलेको र नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्नु पर्ने आजको ऐतिहासिक आवश्यकतालाई ध्यानमा राख्दै एकताबद्ध हुने सहमति गरेको उल्लेख छ ।

# युनेस्कोको सम्भावित खतराको सूचीबाट हट्यो लुम्बिनी

**टिआर शर्मा**
*बुटवल*



बुद्ध जन्मस्थल लुम्बिनी युनेस्कोको सम्भावित खतराको सूचीबाट तत्कालका लागि हटेको छ । फ्रान्सको पेरिसमा जारी युनेस्को वर्ल्ड हेरिटेज कमिटीको ४७ औं सेसनले तत्कालका लागि लुम्बिनीलाई खतराको सूचीमा नराख्ने निर्णय गरेको हो ।

खतराको सूचिमा पर्नबाट जोगिन संरक्षणमैत्री र सुधारका काम भइरहेकाले युनेस्कोले एक वर्षका लागि खतराको सूचिमा नराख्ने निर्णय गरेको लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले जानकारी दिए ।

बुल्गेरियाका प्रोफेसर निकोले नेनोवको अध्यक्षतामा पेरिसमा सम्पन्न बैठकले लुम्बिनीलाई एक वर्षका लागि खतराको सूचिमा नराख्ने निर्णय गरेको हो । 'कन्सेप्च्युअल फिजिकल डेभलपमेन्ट,लुम्बिनी हेरिटेज कन्फेरेन्स आयोजना र सेक्टर स्ट्राटेजी जस्ता काम गरेपछि युनेस्को सकारात्मक भएर यो निर्णय भएको हो'-राईले भने-'अब युनेस्कोले लुम्बिनीको समग्र अवस्था बुझ्नका लागि रिएक्टिभ मनिटरिङ मिसन लुम्बिनी पठाउने निर्णय पनि गरेको छ, मिसनले स्थलगत अवलोकन गरेर दिने प्रतिवेदनका आधारमा पुनः खतराको सूचीमा पर्ने वा नपर्ने निर्णय हुने छ ।'

यसअघि पनि वर्ल्ड हेरिटेज सेन्टर र इकोमसले २०२२ मा सम्पदाविज्ञ रोलेन लिन र प्रोफेसर कारिया संलग्न रहेको रिएक्टिभ मनिटरिङ मिसन लुम्बिनी पठाएर दिएको प्रतिवेदनका आधारमा २०२४ मा लुम्बिनीलाई सम्भावित खतराको सूचीमा राखेको थियो ।

दिल्लीमा गत साउनमा आयोजित युनेस्को वर्ल्ड हेरिटेज कमिटीको ४६ औं सेसनमा लुम्बिनीलाई खतराको सूचीमा किन नराख्ने भन्ने विषयमा छलफल हुँदा भारतको संशोधन प्रस्तावका कारण खतराको सूचीमा पर्नबाट जोगिएको थियो ।

त्यहां दिइएका सुझाव र निर्देशन अनुसारसम्भावित खतराको सूचीबाट जोगाउन विज्ञ विशेषज्ञ बोलाएर लुम्बिनीमा वर्ल्ड हेरिटेज इन्टरनेसनल कन्फरेन्स समेत गरिएको थियो ।

नीतिगत सुधार, सम्पदास्थलको संरक्षण, कानुनी स्पष्टता र एसओपी रिपोर्ट पेस गरेपछि एक वर्षका लागि खतराको सूचिमा नपर्ने सुखद निर्णय आएको भएपनि सुधार र संरक्षणका कामलाई निरन्तरता दिइने कोषका उपााध्यक्ष डा. ल्हारक्याल लामाले बताए । पेरिसमा जुलाई ६ देखि १६ सम्म युनेस्को वर्ल्ड हेरिटेज कमिटीको ४७ औं सेसन चलिरहेको छ । आउँदो बुधबार उक्त सेसन समापन हुनेछ ।

तिलौराकोट विश्व सम्पदा सूचीमा सूचीकृत हुने अन्तिम चरणमा

पेरिसमा रहेका कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले गौतम बुद्धले २९ वर्ष बिताएको प्राचीन शाक्य गणराज्यको राजधानी शहर तिलौराकोट दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत हुने अन्तिम चरणमा पुगेको समेत जानकारी दिए । यसका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डे, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा लगायतको टोली पेरिस पुगेका छन् । 'तिलौराकोट विश्वसम्पदा सूचिमा सूचिकृत हुने गरी चरणवद्ध छलफल भएका छन्'-राईले भने ।

यूनेस्कोले सन् १९९६ मै ऐतिहासिक पुरातात्विक स्थल तिलौराकोटलाई सम्भावित विश्वसम्पदा सूचिमा राखेको थियो ।

नेपाल सरकारले भने २०७८/७९ को नीति तथा कार्यक्रममार्फत तिलौराकोटलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्ने विषय उल्लेख गरेको थियो ।

विश्व सम्पदा समितिको ४५ औं बैठकमा तिलौराकोट कपिलवस्तु सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम समेत गरिएको थियो ।

अन्तिम मनोनयन दस्तावेज विश्व सम्पदा केन्द्रको केन्द्रीय कार्यालयमा औपचारिक रुपमा पेश भएसँगै कपिलबस्तु तिलौराकोटलाई विश्व सम्पदा सूचिमा सूचिकृतका लागि विधिवत रुपमा प्रक्रिया अगाडि बढेको हो ।

उपाध्यक्ष लामाले पेरिसमा एक हप्तासम्म फ्रान्सका लागि नेपालका राजदूत सुधीर भट्टराई, फ्रान्सको लागि भारतीय राजदुत विशाल शर्मा, युनेस्कोको वर्ल्ड हेरिटेज साउथ एसियाका प्रमुख हिमाल चुली गुरुङ,आइकोमोसका अध्यक्ष टेरेसा प्याट्रिसियो तथा निर्देशक ग्वेनाले बोर्डिन सहित विभिन्न देशका कुटनैतिक नियोगका प्रमुख तथा विभिन्न संस्थाका प्रमुखहरुसंग भेटवार्ता तथा छलफल गरेका लामाका स्वकीय सचिव श्याम रोक्काले जानकारी दिए ।

२०१४ सालदेखि तिलौराकोटको उत्खनन् तथा अन्वेषण भइरहेको छ । तिलौराकोट दरबार बुद्धकालीन समयभन्दा तीन सय वर्षअघि नै व्यवस्थित सहर रहेको तथ्य भेटिएको उत्खननमा सहभागी पुरातत्वविद्हरु बताउँछन् । बुद्धको जन्म २५ सय वर्षअघि भएको इतिहासमा छ । तर त्यसअघि नै तिलौराकोटमा मानव सभ्यता र सहर रहेको पुष्टि भएको पुरातत्वविद्को भनाइ छ ।

विश्वको सबैभन्दा ठूलो खुला संग्रहालय दाबी गरिएको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न विकास कोषले केही वर्षदेखि प्राथमिकतामा राखेर काम गर्दै आएको थियो । विश्व सम्पदा सूचीमा सूचीकृत हुनका लागि आवश्यक संरक्षित स्मारक क्षेत्र घोषणा गर्नुपर्ने आवश्यकतानुसार नेपाल सरकार पुरातत्व विभाग, लुम्बिनी विकास कोष र कपिलवस्तु नगरपालिकाले संयुक्तरूपमा स्थानीयस्तरको छलफल गरेसँगै उक्त कामको थालनी भएको थियो ।

तिलौरोकोटको मुख्य क्षेत्र (कोरजोन) करिब १४० बिघा क्षेत्रफल छिट्टै विश्व सम्पदा सूचीमा सूचीकृत हुने लुम्बिनी विकास कोषले जनाएको छ ।

तिलौराकोटलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरेपश्चात कुदान, गोटिहवा, निग्लीहवा, अरौराकोट, सगरहवा र सिसनियालाई पनि संरक्षित स्मारक क्षेत्र घोषणा गरी प्राचीन शाक्यहरूको राजधानी कपिलवस्तुलाई विश्व सम्पदा सूचीमा राख्ने योजना पुरातत्व विभागले बनाएको छ ।

विश्वमा अहिलेसम्म एक हजार १२१ सम्पदा विश्व सम्पदा सूचीमा सूचीकृत छन् । नेपालले सन् १९७२ मा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को विश्व सम्पदा महासन्धिमा हस्ताक्षर गरेको थियो । त्यसयता काठमाडौँ उपत्यका र लुम्बिनी गरेर जम्मा दुई स्थानमात्रै विश्व सम्पदा सूचीमा सूचीकृत छन् ।

सन् १९९७ मा तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न युनोस्कोमा पहलको शुरुआत गरिएको तर २४ वर्षपछि ठोसरूपमा कदम चालिएको लुम्बिनी विकास कोषका उपाध्यक्ष लामाले बताए ।

विश्व सम्पदा सूचिमा सूचिकृत भएपछि तिलौराकोट दरबार क्षेत्र सरकारको प्राथमिकतामा परे गुरुयोजना अनुसार विकास हुनेछ । साथै यहांको ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक महत्व अन्तर्राष्ट्रियस्तरमा प्रमाणित हुने, अन्तर्राष्ट्रिय पर्यटकहरू भ्रमणमा आउने र स्थानीयले आर्थिक लाभ लिन सक्ने कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेलले बताए । 'विश्व सम्पदामा सूचिकृत नहुंदा सरकार र लुम्बिनी विकास कोषले लुम्बिनीलाई मात्र प्राथमिकतामा राखेर वजेट दिने र त्यहांको मात्रै विकास भएको थियो,अब तिलौराकोट पनि सरकारको प्राथमिकतामा पर्ने छ'- पौडेलले भने ।

# डिंगरनगर दूरगामी सहकारीका पदाधिकारीको घर दिनहुँ घेराउ

सहकारीका व्यवस्थापकले श्रीमतीसँग कागजी (किर्ते) सम्बन्धविच्छेद गरेर उम्किन खोजेको थाहा पाएपछि बचतकर्ताहरुले बिहीबार र शुक्रबार अध्यक्ष, सचिव र व्यवस्थापकको घर घेराउ गरेका हुन् ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

करिब १५ करोड रुपैयाँ अपचलनको आशंका गरिएको रुपन्देहीको तिलोत्तमा-३ स्थित डिंगरनगर दुरगामी बहुउद्देश्यीय सहकारीका बचतकर्ताहरुले संस्थाका अध्यक्ष, सचिव र व्यवस्थापकको घर घेराउ दिनहुँ गर्न थालेका छन् ।

सहकारीका व्यवस्थापकले श्रीमतीसँग कागजी (किर्ते) सम्बन्धविच्छेद गरेर उम्किन खोजेको थाहा पाएपछि बचतकर्ताहरुले बिहीबार र शुक्रबार अध्यक्ष घनश्याम तिवारी, सचिव रामबहादुर थापा र व्यवस्थापक बसन्त पराजुलीको घर घेराउ गरेका हुन् । बचतकर्ताहरुले व्यवस्थापकले जस्तै अध्यक्ष र सचिवले पनि किर्ते सम्बन्धविच्छेद गरेर सहकारीको करोडौं बचत अपचलनबाट उम्किन सक्ने सम्भावना देखेर परिवारका सदस्यलाई सचेत गराउन घर घेराउ गर्नुपरेको बचतकर्ता चेतबहादुर बस्नेतले बताए ।

'व्यवस्थापकले वडामा गएर किर्ते डिभोर्सको प्रकृया अघि बढाएको थाहा पायौं, आफूले गरेको बद्मासीबाट उम्किन अध्यक्ष र सचिवले पनि यस्तै गर्न सक्छन्, गर्न नदिन सचेत गराउन र दबाब दिन घर घेराउ गरेका हौं ।'- बस्नेतले भने । सहकारीको रकम अपचलन गरेको प्रमाण बाहिरिएपछि अध्यक्ष तिवारी, सचिव थापा र व्यवस्थापक पराजुली सम्पर्कविहीन छन् ।

पीडित बचतकर्ताले सहकारीका अध्यक्ष, सचिव र व्यवस्थापकलाई खोजेर यथाशीघ्र सम्पर्कमा ल्याई बचत फिर्ताको ग्यारेन्टी गराउनुपर्ने माग गरेका छन् ।

सहकारीका अध्यक्ष, सचिव, व्यवस्थापकसहित एकाधबाहेक सबै सञ्चालक सत्तारुढ दल नेपाली कांग्रेसका स्थानीय नेताहरु भएकाले सत्ताको आडमा उनीहरुलाई नियामक निकायले खोजी र पक्राउ नगरिएको बचतकर्ताहरुको आरोप छ ।

सहकारीका अध्यक्ष तिवारी १७ वर्षदेखि अध्यक्ष पदमा रहेका र एउटै दलका मान्छेको बर्चश्व रहेकाले मिलेमतोमा बचत अपचलन भएको बचतकर्ता चेतबहादुर बस्नेतको बुझाइ छ ।

'सहकारीलाई पार्टीकरण गर्दा यस्तो समस्या आयो,' बस्नेतले भने-'१७ वर्षसम्म एउटै व्यक्ति अध्यक्ष भइरहँदा सम्बन्धित सरकारी निकायले पनि हेरेन, अनि ठूलो बद्मासी हुन पुग्यो ।' बस्नेतले आफ्नो १० लाख बचत रहेको बताए ।

बचतकर्ताहरुले सहकारीका पदाधिकारीको घर घेराउ गरेपछि सशस्त्र समेत उल्लेख्य संख्यामा प्रहरी परिचालन गरी तोडफोड र अन्य अप्रिय घटना हुनबाट जोगाइएको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डीएसपी इन्द्रबहादुर रानाले बताए ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८२ असार २८ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

धुलोमा छापिएका छन्
पटपटी फुटेका पैतालाका डोबहरू
दफन छन् सपनाहरू सतहभित्र
यही हो,
गाउँ पुग्ने गोरेटोको चित्र।

– गिरि श्रीस मगर
(‘एकलव्यको देब्रे हात’ बाट)

### पठन अनुभव

# मौन विद्रोहको अभिव्यक्ति ‘ताल्चा’



श्रेया लिम्बु




‘ताल्चा’ कथा सङ्ग्रह दिलिप वान्तवा लिखित एघार कथाहरूको संकलन हो। दिलिप वान्तवा दुरदराजका निर्दोष मानिसहरूको दुःख, व्यथा र पीडाहरूलाई कथामा अभिव्यक्त गर्ने सशक्त कथाकार हुन्। ‘ताल्चा’ यस्तै एउटा कथा सङ्ग्रह हो जहाँ लेखकले सतहमा प्रकट नभएका नेपालकै विभिन्न ठाउँको सत्य भोगाईहरू कथाको स्वरूप दिएका छन्।

म यहाँ कथाहरूको समीक्षा गर्दैछैन। एक साधारण पाठकको आँखाबाट केवल आफ्ना भोगाईहरू मात्र अभिव्यक्त व्यक्त गर्दैछौ।

जब म ‘ताल्चा’ पढिरहेको थिए त्यो केवल अक्षरहरूमा आँखा डुलाइरहेको मात्र थिइनँ, पाना पल्टाइरहेको मात्र थिइन। खासमा त त्यो अँध्यारो मस्तिष्कमा लागेको ताल्चा खोल्ने प्रयत्न थियो। किनभने यो मेरै वरीपरी घटिरहेका घटना र अन्यायको उद्घाटन थियो। मेरै वरीपरी घटिरहेका घटनाहरू तर मेरो दृष्टि भन्दा पर भएको थियो। प्रायः यस्तो हुन्छ, हाम्रा आँखाहरूले देखिरहेको हुन्छ, तर पनि हामीले देखिरहेका हुँदैनौं। देख्नु केवल दृश्यपान गर्नुमात्र होइन, बोध गर्नु पनि हो। बोध मस्तिष्कले गर्छ, चेतनाले गर्छ। जब हामी बोध गर्न सक्षम हुँदैनौ हामीलाई सहारा चाहिन्छ। हाम्रो चेतना विस्तार गरिदिने माध्यम चाहिन्छ। ‘ताल्चा’ यस्तै माध्यम हो।

यो कथा सङ्ग्रह पढिरहँदा मेरो मनमा बारम्बार प्रश्नहरू आइरहे। किन यस्तो विभेद ? किन अझै पनि माथिल्लो वर्गले निर्दोष मान्छेलाई दबाइरहेको ? किन एकल नारीलाई समाजमा सजिलै बाँच्न नदिएको ? युद्धका नाममा किन गाउँका निर्दोष महिलाको चिरहरण भइरहेको ? यस्ता अनगिन्ति प्रश्नहरूले डसिरहे।

मैले महसुस गर्दै गरे, हामी स्वयं आफूले आफैलाई बन्द कोठामा राखेका हुँदा रहेछौ। अनौठो त के भने, बन्द कोठाको साँचो पनि हामीसँग नै हुन्छ। तर, हाम्रो मानसिकता नै यति पराधिन भइसकेको हुन्छ कि हामीले कहिल्यै साँचो चलाउने प्रयत्न नै गर्दैनौ। ‘ताल्चा’ त्यहीं साँचो हो। यहाँ म केही कथाहरूको चर्चा गर्छु।

**‘कैदी नं. ३५४’**

कथा सङ्ग्रहको यो दोस्रो कथा हो। यस कथाको प्रमुख पात्र तया हो। पहिलो पटक प्रेममा परेकी तया बाहिरी दुनियाँसँग अपरिचित छिन्। विक्रम तयाको प्रेमी हो जसले तयाको निर्दोषपनको फाइदा लिन्छ र फरार हुन्छ। तयाले समाजलाई यो यथार्थ बताउँदा कसैले उसको विश्वास गर्दैन। समाले तयालाई नै दोषी ठहराउँछ। पितृसत्तात्मक समाजमा दोषी त नारी नै हुन्छे आखिर। तर, तयाले हिम्मत हार्दिन र बच्चा जन्माउँछे तर मृत...। सम्पूर्ण गाउँलेले बच्चा जन्माएर मारेको झुटो आरोप लगाउँछन्। तया जेल जान्छे। जेलमा आत्म हत्या गर्द लाग्दा छेउको दिदिले भन्छिन्– झ्यालखाना जिन्दगीलाई बुझ्ने स्कुल हो। तिमी नमरेर खास अपराधीलाई सजाय देउ। तया संविधान दिवसको दिन आम माफी पाई जेलबाट छुट्छिन्। रिहा हुनु एक दिन अघि उनले पत्रिकामा ‘श्रीमान्को मानिसक यातनाले श्रीमतीद्वारा आत्महत्या’ शीर्षकको समाचार देख्छिन्। त्यो श्रीमान् आखिर विक्रम नै हुन्छ। मेरो मनमा एउटा प्रश्न कथाले छोडिरहेको छ। के तयाले न्याय पाइन् ?

**‘हल्लावा’**

अर्को कथा छ– हल्लावा। यसको प्रमुख पात्र हो– बुङ्छ्याङमा। हल्लावा भनेको राई जातिको संस्कारमा कुनै पनि व्यक्तिको अकालमा मृत्यु भए पश्चात् पितृले अर्थात् कुलदेवताले आफ्नो शरणमा नलिनु र पुजारीले अन्तै बाटो लगाइदिने विधि चलन हो।

बुङ्छ्याङमा २२ वर्षकी हुँदा नै दोब्बर उमेरको पुरुषले जोडबलमा विवाह (चोरी विवाह) गर्छ जबकि उसको पहिले नै दुईवटा श्रीमतीहरू हुन्छन्। उक्त पुरुषको पनि अकालमा मृत्यु हुन्छ। कथामा बुङ्छ्याङमाको श्रीमान हल्लावा भएको र त्यसपश्चात् गाउँमा एकल नारी कान्छी श्रीमतीले गरेको सङ्घर्षलाई चित्रण गरिएको छ। बुङ्छ्याङमाको पीडा र दुःखको कारण एउटै हो, ऊ नारी हो। उसको विवाह हुन्छ त्यो पनि जबरजस्ती। अनि त्यहीं विवाहको परिणाम उसले भोगीरहन्छे।

**‘स्कुल’**

यो कथाको प्रमुख पात्र मोटे हो। ऊ एकल महिलाको छोरा हो। उनले जेनेतन गरेर छोरालाई स्कुल भर्ना गराउँछिन्। माटेलाई शुद्ध लेख्न आए पनि बोल्न आउँदैन थियो। शिक्षकलाई तिमी सम्बोधन गरेकै कारण शिक्षकले गाली गर्दै सबै विद्यार्थीको अगाडि पिटेको थियो। गाली गर्दा ‘जाड खाने किरुवा’ भन्यो। मोटेले यो गाली आफ्नी आमालाई भनेको सरह महसुस गऱ्यो। त्यसकै कारण उसको मस्तिष्कमा नराम्रो असर पऱ्यो र ऊ विद्यालय जान छोड्यो। यस कथामा शिक्षकले फरक समुदायको लवज र भाषा नबुझ्दा हुने उत्पन्न हुने जटिलता र समस्या उजागर गरिएको छ। विडम्बना, शिक्षकलाई यसको कुनै पश्चाताप नै छैन। एउटा विद्यार्थी किन विद्यालय आउन मन गर्दैन भन्ने नसोच्नु नै हाम्रो शैक्षिक प्रणालीमाथि गम्भीर प्रश्न हो। यो कथाको भाषा शैली रमाइलो भए पनि अन्त्यमा पुग्दा यसले निराश र बेचैन बनाउँछ।

**‘ताल्चा’**

यस कथा सङ्ग्रहको शीर्षक कथा हो यो। यसको प्रमुख पात्र रीमा र पर्वत हुन्। यो दुई प्रेमीहरूको कथा हो। जहाँ रिमाले पर्वतलाई निश्वार्थ प्रेम गर्छिन्।

रीमा र पर्वतको कथा एकदमै संवेदनशील छ। पर्वतको आफन्त पनि हुँदैन र पैसा पनि हुँदैन। मुटु रोगी पर्वतलाई बचाउन रीमा संसारसँगले लडेको तर प्रतिफलमा उसले धोका र तिरस्कार पाएको छ।

पर्वतलाई बचाउन रीमाले गर्नुपर्ने सबै गर्छ। पर्वतको लागि नै रीमा विदेश जान्छे। विदेशबाट पैसा पठाइरहन्छे। पछि पैसाको कुरा गर्दा झगडा पर्छ। पैसा पठाएको प्रमाण के छ भनेर सोध्छ। उनीहरूको बोलचाल नै बन्द हुन्छ। तर, पछिमात्र रीमाले थाहा पाउँछे कि पर्वतको त मृत्यु भइसकेको हुन्छ। रीमालाई पछुतो लागिरहन्छ। यो पुस्तक पढिरहँदा हजारौं प्रश्न मनमा आउँछ, तर उत्तर हुँदैन किनभने हामीले पनि हाम्रो मस्तिष्कमा ताल्चा लगाएका छौं। हाम्रो मस्तिष्कमा दोस्रो व्यक्ति तथा समाजको धारणा नै सर्वोपरि भएको हुन्छ तर यो बुझ्न हामीले मस्तिष्कको ताल्चा खोल्नुपर्छ।

ताल्चा केवल एघार कथाहरूको सङ्ग्रह होइन। यो एघार जीवनको भित्री कोठाहरूको प्रदर्शन हो। यस्ता भित्री कोठाहरू जहाँ पात्रहरू कैद छन्। बन्दी छन्। कहिले प्रेममा, कहिले भाग्यमा, कहिले परिनिर्भरतामा, कहिले लैङ्गिगतामा।

फिनिक्स बुक्सले २०७८ मा प्रकाशन गरेको ‘ताल्चा’ केवल किताब होइन यो नेपाली समाजको पर्दाफास हो। यी कथाहरूको माध्यमबाट लेखले जीवनहरूको भोगाईमार्फत् विद्रोह बोलिरहेका छन्। जीवनको दैनिकीमा सतहमा नदेखिने सत्यहरूमार्फत् मौन विद्रोह अभिव्यक्त गरिरहेछन्।

(लिम्बु लुम्बिनी इन्टिग्रेटेड एकेडेमी, बी.ए.एलएल.बी. दोस्रो वर्षकी छात्रा हुन्।)

# प्रतिकुल परिस्थितिसँग जुधेका केही प्रसंगहरू



रामचन्द्र श्रेष्ठ

मान्छे जिन्दगीको यात्रामा अनेकन् उकाली ओरालीहरूबाट गुज्रन्छ। कहिले अनुकुल परिस्थिति त कहिले प्रतिकुल क्षणहरू। अनुकुलतामा रमाउने मान्छे प्रतिकुलतामा उदास, बेचैन र निराश हुन्छ। प्रतिकुलता कहिले प्राकृतिक हुन्छ भने कहिले मानव निर्मित। प्रतिकुलताको ज्वर यति कडा हुन्छ मान्छेले जीवनप्रतिको मोहलाई नै त्याग्ने बाटो रोज्न बेर गर्दैन। कैयौं प्रसंगहरूले मान्छे प्रतिकुल समयलाई कसरी सामना गर्न सक्छ र जिजिविषा कायम गर्न सक्छ भन्ने प्रष्ट पार्छन्। यहाँ केही प्रसंगहरू उल्लेख छन्। जसले प्रतिकुलतालाई मान्छेले कसरी सामना गर्छन् भन्ने उदाहरण पेश गर्छन्।

**जो हिटलरबाट बाँच्यो**

त्यो भिक्टर फ्र्यांकलाई कस्तो भएको थियो होला हिटलरको कन्सन्ट्रेशन क्याम्पमा बन्दी बनाइँदा ? अनि मृत्यु पर्खेर बस्दा ? तर, त्यो बाँच्यो। हिटलरको चंगुलबाट त्यो उम्कियो। जब दोस्रो विश्वयुद्ध समाप्त भयो उसले किताब लेख्न थाल्यो। आफ्नो संस्मरण लेख्यो। म कसरी बाँचे भनेर लेख्यो। त्यसले लोगोथेरापीको कन्सेप्ट अगाडि सार्‍यो। त्यसले भन्यो– जुन मान्छेसँग लोगो (लक्ष्य) हुन्छ त्यो हिटलरको चंगुलबाट पनि बाँच्छ। त्यसले नित्सेको कुरा ल्यायो। नित्सेले भन्थ्यो– ऊ जसले म किन बाँच्नु छ भन्ने प्रश्नको उत्तर जानेको छ त्यसले कसरी बाँच्ने भन्ने पनि जान्दछ।

भिक्टरले लेखेको छ– कन्सन्ट्रेशन क्याम्पमा यातनाले भन्दा बढी मानिस त्रास र भयले मरे। तर म डराइँन। मैले कल्पना गरिरहें। मैले यो सबै पछि श्रीमतीलाई भेटेको, मनोविज्ञान र लोगो थेरापीबारे मान्छेलाई प्रशिक्षण गरिरहेको कल्पना गरेर आफूमा आशा जागृत गरें।

भिक्टरले भनेजस्तै कठोर समयमा पनि आशाको खेती छोड्नु हुँदैन रहेछ। आशाले नै मानिसलाई जोगाउँछ।

**गोर्की अर्थात् डोन्को**

कठिन क्षणहरूमा निराशाको हुस्सुले ढाकिरहन्छ।

सम्झौं त, गोर्कीलाई पनि यस्तै भएको थिएन र ?

बुवा, आमा, मावली परिवारले त्यागेको त्यो म्याक्सिम गोर्कीलाई कस्तो भएको थियो होला ? संसार पराई भएको बेलामा गोर्कीलाई के निराशाले छोपेको थिएन र ? त्यसै १४ वर्षको उमेरमा आत्महत्याको प्रयास गरेको थियो होला र ?

तर, गोर्कीले भयानक दुर्घटनापछि ठीक बाटो लियो। निराशा र शुन्यताको विशाद्लाई सिर्जनामार्फत् अभिव्यक्त गर्न थाल्यो।

१९०५मा क्रान्ति असफल भयो। क्रान्ति केवल राजनीतिक घटना थिएन। त्योसँग मान्छेका सपना जोडिएका थिए। परिवर्तनका इच्छाहरू अभिव्यक्त भएका थिए। असफलता र त्यसपछिको दमन यति चर्को थियो मै हुँ भन्ने मानिसहरू पनि गलिरहेका थिए। विचलित भइरहेका थिए। तर, गोर्कीले आमा लेख्यो। कसरी गोर्कीले आमा लेख्न सक्यो ? के कुराले उसलाई निराशाको हुस्सुमा आशाको किरण देखाइदियो ?

त्यो भन्दा पहिला गोर्कीले एउटा कथा लेखेको थियो, जसमा पात्र थियो डोन्को। मान्छेको समूह घोर अन्धकारमा फस्यो। डोन्कोले त्यो समूहको नेतृत्व गरेर घनघोर जंगलको बाटो जीवनको खोजीमा हिंड्छ। कैयौं दिनको यात्रामा मानिस थकित हुन्छन्। ती हरेश खान्छन्। भोक, प्यास, अनिश्चितताले मान्छे आक्रोशित हुन्छन्। तिनले डोन्कोलाई मार्ने धम्की दिन्छन्। तर, गोर्की पवित्र थियो। उसको इच्छा पवित्र थियो। उसको कामना पवित्र थियो। उसको सपना पवित्र थियो। त्यो पवित्रताको तेज यस्तो थियो कि उसले छाती चिरेर आफ्नो मुटु निकाल्यो। मुटु धपक्क बलेको थियो। त्यसले मुटुलाई हातमा लिएर उठायो। मुटुको रोशनीले निर्मित ज्वाला बोकेर त्यो मान्छेको समूह जंगल पार गऱ्यो। नदी किनारमा, मलिलो जमिनमा आश्रय लियो। सबै हर्षित भए। डोन्को एक छेउमा ढल्यो र मऱ्यो। कस्तो दुःखद। मान्छेको सभ्यताको कस्तो नमिठो प्रसंग, डोन्कोलाई कसैले खोजेन। तर, उसको पवित्रता आज पनि जिवित छ। उसको मुक्तिको खोजीको यात्रा अझै जारी छ। गोर्की डोन्को हो खासमा। उसले निराशाको बाक्लो हुस्सुमा सपनाको उज्यालो धर्सो देख्छ।

जसरी सुक्ष्म चीज हेर्न माइस्क्रोपको जरुरत पर्छ, निराशाको कुहिरोमा आशाको उज्यालो देख्न पनि पवित्र हृदय चाहिन्छ। जुन हरेक मान्छेमा छ। आफुलाई चिनौं। बुद्धले यहीं भनेका थिए–आफूलाई चिन।

**सात्र र जुलियस**

परिस्थितिलाई भोग्ने तरिका हुन्छ। परिस्थितिलाई आत्मसात गर्ने पनि पद्धति हुन्छ। खासमा एउटै परिस्थिति सबै मानिसले एकैप्रकारले आत्मसात गर्दैनन्।

दुईवटा पुस्तकको तुलनाले हामीलाई यो बुझ्न झनै सजिलो गराउँछ। एउटा हो– जाँ पाल सात्रको ‘बिना चिहानको मृत्यु’। अर्को हो, जुलियस फ्युचिकको ‘झुण्ड्याउँदा झुण्ड्याउँदै’। पहिलो नाटक हो, दोस्रो आत्मकथा। दुवै एउटै समयको कथा हो– हिटलरको आतंक फैलिरहेको युरोप। सात्रको नाटकमा हिटलरको कन्सन्ट्रेशन क्याम्पको चित्रण छ। यहुदीहरू बन्दी बनाइएका छन्। अत्याधिक श्रमका खटाइएका छन् र निश्चित मृत्यु तर अनिश्चित दिनको पर्खाइमा छन्। मृत्युको त्रासदी यस्तो बढ्दै जान्छ नाटको अन्त्यतिर मानवता हराउँदै जान्छ र मानिस स सानो कुरामा ठूला झगडा गर्न थाल्छन्। दिदिले भाईको हत्या गर्छे। आङ नै सिरिङ हुन्छ।

अर्को जुलियसको आत्मकथा। जुलियास चेकोस्लाभाकियाका कम्युनिष्ट थिए। उनी केन्द्रीय समिति सदस्य थिएनन्। तर केन्द्रीय समितिको मुखपत्रको प्रकाशनको टीममा सहभागी थिए। हिटलरले चेकोस्लाभाकिया कब्जा गरेपछि कम्युनिष्ट दमन सुरु गर्छ। कत्लेआम गर्छ। सबै केन्द्रीय सदस्य पक्राउ पर्छन् र मारिन्छन्। अरु कम्युनिष्ट कार्यकर्ता मौन बस्छन्। जुलियसलाई छट्पटी हुन्छ। सारा सम्पर्कहरू टुटेका हुन्छन्। कोही अर्को हुँदैन। उसले सोच्छ कि यो प्रतिकुल समयमा सपना बचाउनु जरुरी छ। आशाको दियो धिपधिप भए पनि बल्नुपर्छ निभ्नु हुँदैन। कस्ले गर्छ यो काम ? कस्ले गर्छ यो कठिन काम ? जब यस्तो कठिन परिस्थिति आउँछ प्रायः मान्छे नायकको खोजी गर्न थाल्छन्। तर, नायक कहिं बाहिर हुँदैन। नायक आकाशबाट अवतार लिएर आउँदैन। जुलियसले कम्युनिष्ट पार्टीको मुखपत्र प्रकाशन गर्छन् भुमिगत रूपमा। केही प्रति। अनि लुकिछिपी ठाउँ ठाउँमा छर्न थाल्छन्। त्यसको परिणाम के हुन्छ ? अरु कम्युनिष्टहरूले भेट्टाउँछन्। मान्छेहरूले भेट्टाउँछन् पत्रिका। एउटा आशाको सञ्चार हुन्छ। कोही त बाँकी छ भन्ने। सबै मारिएका छैनन् भन्ने। बिस्तारै मान्छेहरू भेटिन थाल्छन्। निराश भएकाहरू पनि भूमिगत गतिविधी गर्न थाल्छन्। तर, एकदिन जुलियस समातिन्छन्। उनलाई कठोर यातना दिइन्छ। तर, बन्दी भएको बेलामा गार्ड भएको सेनाले खुसुक्क भन्छ म कम्युनिष्ट हुँ। देश हारेपछि हामी केहीजना हिटलरको सेनामा भर्ती भयौ ताकि भित्रबाटै केही सहयोग गर्न सकियोस्। जुलियसलाई मृत्युदण्ड तोकिएको हुन्छ। त्यो सेनाले लुकिछिपी कागज र पेन्सिल दिन्छ। उनले यो संस्मरण लेख्छन्। उनी मारिन्छन् तर उनको यो पुस्तक त्यो सेनाले उनकी पत्नीलाई दिन्छ। जुन पछि प्रकाशित हुन्छ।

एउटै घटना होइन र दुवै पुस्तकको ? एउटै परिस्थिति होइन र ? तर सात्रले कसरी चित्रण गऱ्यो र जुलियसले कसरी आत्मसात गऱ्यो ? किन यो फरक ? सबै दर्शनको कारणले हो। सात्र अस्तित्ववादी हो। सात्रको अस्तित्ववाद खासमा निराशाको अभिव्यक्ति हो। सात्रभन्छन्, “मानिसलाई जन्म लिऊँ कि नलिऊँ भन्ने अधिकार छैन, मानिस त जीवनमा फ्याँकिएको हुन्छ।” अस्तित्ववादको चर्चा व्यापक हुनसक्छ। तर, सारमा के हो भने, मानिस मर्न नसकेकै कारण बाँच्छ भन्ने यसको भाव हो। त्यसैले सात्रको नाटकमा मृत्युको त्रासदी र भयमात्र चित्रण भयो। फ्युचिक कम्युनिष्ट हुन्। उनी मार्क्सवादी दर्शनबाट अभिप्रेरित छन्। उनमा बलिदानी भावना छ। मान्छे इतिहास र भौतिक परिस्थितिको सीमाभित्र रहेर उच्चतम योगदान गर्न सक्छ भन्नेमा उनको विश्वास छ। जीवनको अन्तिम क्षणसम्म त्यो लड्छ किनभने हिटलरको एकदिन पतन हुन्छ भन्ने उसलाई विश्वास छ।

यसरी जीवनलाई हेर्ने दृष्टिकोणमा फरकपनाकै कारण एउटै परिस्थितिलाई आत्मसात गर्ने तरिका भिन्न भयो। त्यसैले परिस्थितिलाई आत्मसात गर्ने दर्शनको फरकपनाकै कारण उहीं परिस्थिति सबैलाई एकै लाग्दैनन्।

४

प्रसंग, टेकनाथ रिजालको। यी मान्छे भुटानी शरणार्थी नेता हुन्। यिनी भुटानी राजाको निकै नजीकका सल्लाहकार थिए। तर, भुटानी राजालाई केही स्वार्थी समूहले घेरे। राजाले एक्कासि निश्चित मिति भन्दा पछि आएका नेपालीलाई देश छोड्ने आदेश दिए। आदेश बाहिर आउनुपुर्व नै सेनाले गाउँ गाउँबाट नेपालीहरूलाई खेदिरहेको थियो। राज्य हिंसा व्यापक थियो। टेकनाथ रिजाललाई एक्कासी पक्राउ गरियो र जेलमा कैद गरियो। उनी बाहिरको संसारबाट पुरै बेखबर थिए। उनको परिवार कहाँ छ, साथी भाई र पार्टीका मान्छे कहाँ छन् केही थाहा छैन। केवल छ शुन्यता, शुन्यता र शुन्यता। जेलमा उनलाई एकदमै आत्महत्याको विचार आउँथ्यो। जेलको वातावरण पनि त्यस्तै। आत्महत्या गर्न उक्साउने। प्रहरीले चुरोट खान सलाई दिदाँ भित्र ब्लेड राखेर दिने, उनले देख्ने गरी डोरी छोड्ने। त्यो देख्दा उनलाई झनै मर्न मन लाग्थ्यो। तर, उनी आत्महत्या गरेनन्। त्यो विषम परिस्थितिमा के ले जोगायो ?

टेकनाथ रिजालले आफ्नो आत्मसंस्मरणमा लेखेका छन्– मलाई सानो छँदा हजुरआमाले निकै कथाहरू सुनाउनुहुन्थ्यो। उहाँले स्वर्ग, नर्क, मरेपछि हुने घटनाबारे सुनाउनुहुन्थ्यो। उहाँले भन्नुभएको थियो, आत्महत्या गरेर अकालमा मर्नेहरूको आत्माले बाटो पाउँदैन, मरेपछि पनि त्यो यहीं लोकमा भौतारिरहन्छ। भड्किरहन्छ। जब जब आत्महत्याको विचार आउँथ्यो तब तब मैले हजुरआमाको यी कुराहरू सम्झन्थे र त्यो गलत विचार आफै हट्थ्यो।

दैनिक लुम्बिनी

रु.जि.हु.द.नं.१३/०६३/०६४

विचार

# म किन नास्तिक भएँ ?

भगतसिंह

(भगतसिंह (सन् १९०७-१९३१) एक सचेत जागरुक क्रान्तिकारी तथा प्रभावशाली प्रखर युवा बुद्धिजीवि-विश्वजनताका अति सम्मान्य र प्रिय शहिद भारतीय राष्ट्रिय मुक्तियुद्धका बलिदानी योद्धा। उपनिवेशवादी अंग्रेज शासकद्वारा २३ वर्षको कलिलो उमेरमा नै सन् १९३१ मार्च २३ मा फाँसीमा चढाइएका अमर युवा भगतसिंहले यो आलेख सन् १९३० अक्टुवर ५-६ मा जेलभित्रै लेखेका थिए।

सन् १९३० अक्टुबर ७ का दिन अदालतले भगतसिंहलाई फाँसी दिने फैसला सुनायो तर फैसला नहुँदै भगतसिंह र उनका साथीहरू भने मृत्युदण्डको फैसला हुनेछ भन्ने कुरामा ढुक्क थिए। यस्ता अवस्थामा आफ्ना सहयोद्धाहरूले भगतसिंहलाई 'कम से कम मर्ने बेलामा त ईश्वरको सम्झना गर' भनेर सम्झाउँदा त्यसको जवाफ स्वरुप भगतसिंहले यो गहन आलेख तयार पारेका हुन्। यो आलेखको नेपालीमा अनुवाद ऋृषिराम भुसालले गर्नुभएको हो। यो लेख २०६३ मा रामचन्द्र भट्टराईद्वारा प्रकाशित 'सुस्केरा' द्वैमासिकबाट साभार गरिएको हो।)

एउटा नयाँ प्रश्न उठेको छ। एक सर्वशक्तिमान्, सर्वव्यापी र सर्वज्ञ ईश्वरको अस्तित्वमा मैले विश्वास नगरेको कुनै घमण्ड का कारणले हो त ? यस्तो प्रश्नको सामना गर्नुपर्ला भन्ने त मैले कल्पनासम्म पनि गरेको थिइनँ। तर आफ्ना साथीहरूसँगको कुराकानीबाटै मैले के बुझे भने मेरा केही साथीहरू, यदि उनीहरूलाई साथी भन्नु अतिशयोक्ति हुँदैन भने, मसँगको छेटो सम्पर्कका आधारमा मेरा विषयमा दुईवटा निष्कर्ष निकाल्न इच्छुक हुन्छन्। पहिलो कुरा, ईश्वरको अस्तित्वलाई अस्वीकार गरेर मैले केही ज्यादती गरें भन्ने उनीहरू ठान्छन् र दोस्रो, ममा रहेको घमण्डले नै ईश्वरप्रति अविश्वासको भावनालाई क्रियाशील बनाएको हो भन्ने उनीहरू सोच्छन्। हजुर ! पक्कै पनि यो एक गम्भीर समस्या हो। म मानवीय कमजोरीहरूभन्दा धेरै माथि छ भनेर कुनै धाक लगाउन्न। म एक मान्छे हुँ, र यसभन्दा बढी केही होइन। कसैले पनि यसभन्दा ज्यादा हुँ भनेर दावी गर्न सक्दैन। मभित्र पनि एउटा मानवीय कमजोरी छ, त्यो के सिंह, भने अभिमान पनि मेरो स्वभावको एक अङ्ग बनेको छ। मेरा कमरेडहरूको माझमा मलाई एक निरंकुश व्यक्ति भनिन्थ्यो। कतिसम्म भने मेरा आत्मीय मित्र श्री बी.के. दत्तले पनि मलाई कहिलेकाहीं यस्तै भन्नुहुन्थ्यो। कतिपय अवसरमा स्वेच्छाचारी बनेको आरोप लगाएर मेरो निन्दासमेत गरियो। मप्रति केही मित्रहरूको गम्भीर सिकायत के छ भने मैले मेरो विचारहरू उनीहरूमाथि जवर्जस्ती थोपर्छ र आफ्ना प्रस्तावहरू मान्न बाध्य गराउँछु यो कुरा केही मात्रामा ठीक छ, म यसलाई अस्वीकार गर्दिनँ। यसलाई अभिमान पनि भन्न सकिएला। तर यहाँ प्रचलित अनेक मान्यताहरूका प्रतिवादमा जहाँसम्म हाम्रो आफ्नो मान्यता वा सिद्धान्त को कुरा छ, मलाई आफ्नो विचारधाराप्रति निश्चय नै घमण्ड छ। तर यो व्यक्तिगत कुरा होइन। आफूले विश्वास गरेको विचारधाराप्रति न्यायोचित स्वाभिमान हुन सक्छ। यसलाई घमण्ड भन्न सकिन्न।

घमण्ड वा सही शब्दमा भनौं अहंकारको अर्थ हो आफूप्रति अनुचित अभिमान ज्यादा हुनु। मैले ईश्वरको बारेमा खुबै सावधानीपूर्वक अध्ययन गरेर, धेरै रु विचार गरेपछि मात्र 'ईश्वरप्रति अविश्वास गरें, म नास्तिक भएँ के यो मेरो अनुचित गर्व हो ? म यहाँ यही प्रश्नका बारेमा कुरा गर्न चाहन्छु। परन्तु मैले पहिला के कुरा सफांसफी बताउन चाहन्छु भने स्वाभिमान तथा अहंकार यी दुई अलगअलग कुरा हुन्।

सर्वप्रथम मैले पटक्कै बुझ्न नसकेको कुरा के छ भने ईश्वरमा विश्वास गरिरहेको एक व्यक्तिलाई घमण्ड वा मिथ्याअभिमानले कसरी विश्वास गर्नबाट रोक्न सक्छ ? कुनै महान् व्यक्तिको वास्तविक महानतालाई मैले तबमात्र मान्यता दिन्न जब मलाई पनि त्यस्तै लोकप्रियता प्राप्त हुन्छ जब कि त्यस्तो लोकप्रियता वा महानताका लागि आवश्यक योग्यता वा गुण ममा हुँदैन। यतिसम्म त कुरा बुझिन्छ तर ईश्वरमा विश्वास गरिरहेको एउटा मान्छे जसले आफ्नो व्यक्तिगत अहंकारका कारणले अकस्मात् विश्वास गर्न छाडोस्, यो कसरी हुन सक्छ ? यसमा केवल दुई कारण हुन सक्छन् या त मान्छेले आफूलाई ईश्वरको प्रतिद्वन्दी ठान्न सक्छ वा आफैलाई ईश्वर मान्न सक्छ। यी दुवै अवस्थामा कोही पनि नास्तिक बन्न सक्दैन। पहिलो अवस्थामा त उसले आफ्नो प्रतिद्वन्द्वीका रूपमा ईश्वर को अस्तित्वलाई स्वीकार गरेकै हुन्छ भने दोस्रो अवस्थामा पनि उसले आफ्नै स्वरूपमा एउटा त्यस्तो परमचेतनाको अस्तित्वलाई मानेको हुन्छ जसले अदृश्य रूपबाट प्रकृतिका सम्पूर्ण गतिविधिहरू सञ्चालन गर्दछ। उसले आफैलाई परमात्मा सम्झोस् या आफूभन्दा अर्कै परम चेतनाका रूपमा ईश्वर मानोस् यसमा केही फरक छैन, उही ईश्वरको विश्वास हो, उसको ईश्वरमा विश्वास रहेकै हुन्छ। त्यस्तो व्यक्ति कुनै प्रकारले पनि नास्तिक हुँदैन।

यसमा म के भन्न चाहन्छ भने न त म पहिलो श्रेणीमा अर्थात् ईश्वरको प्रतिद्वन्दीमा पर्दछ न दोस्रो श्रेणीमा आफैंलाई ईश्वर घोषणा गर्नेमा पर्दछु। म ती दुवै होइन। मैले त सर्वशक्तिमान् परमात्माको अस्तित्व छ भन्ने कुरा नै अस्वीकार गर्दछु। अस्वीकार किन गर्छ भन्ने कुरा केही पछि चर्चा गरूँला। यहाँ मैले एउटा कुरा स्पष्ट पार्न चाहन्छु, त्यो के भने जुन कुराले मलाई नास्तिकताको सिद्धान्त-ग्रहण गर्न प्रेरित गयो त्यो चाहिं अहंकार होइन।

म न त ईश्वरको प्रतिद्वन्दी हुँ, न एक अवतार हैं, न स्वयम् परमात्मा हूँ। जुन कुराले मलाई यस्तो सोच्न प्रेरित गरेको छ त्यो निश्चितरूपमा अहंकार होइन। ममाथि लगाइएको अहंकारको अभियोगलाई म अस्वीकार गर्छ यसका लागि केही तथ्यहरू प्रस्तुत गर्दछु। मलाई अहंकारी भनेर दोष लगाउने मित्रहरूका अनुसार दिल्ली बमकाण्ड तथा लाहौर षड्यन्त्र काण्ड द्वारा मलाई जुन अनावश्यक प्रतिष्ठा प्राप्त भयो शायद यसैकारणले म वृथाभिमानी बन्न पुगें। त आउनोस् यो कुरा ठीक हो कि होइन छलफल गरौं।

नास्तिक विचारधारा मेरो मनमा भर्खरै उत्पत्ति भएको होइन। मैले त ईश्वरमा विश्वास गर्न त्यसै बेला छाडिदिएको थिएँ जब म एक मामुली नौजवान थिएँ, प्रसिद्ध थिइनँ र मलाई दोष लगाउने, मित्रहरूलाई मे रो। अस्तित्व नै थाहा थिएन। कम अनुः ऋषिर से कम एक कलेजको विद्यार्थीले त यस्तो अहंकार हुर्काउन सक्दैनथ्यो जसले उसलाई नास्तिकतातिर लैजाओस्। म केही अध्यापकको अति मनपर्दो थिएँ र अरू केहीले मलाई मन पराउँदैनथे तर पनि म कहिल्यै बढी मिहिनेती वा पढ्या विद्यार्थी भइनँ। अहंकारजस्ता भावनामा फँस्ने त मौका नै मिलेन। म एउटा अत्यन्त लजालु स्वभावको केटो थिएँ। भविष्यका बारेमा मंमा केही निराशावादी प्रवृत्ति थियो। ती दिनमा म पूर्ण नास्तिक थिइनँ।

मेरा जिबा, जसका प्रभावमा म हुर्किएँ, एक रूढिवादी आर्यसमाजी हुनुहुन्थ्यो। एक आर्य समाजी अरू जेसुकै भए पनि नास्तिकचाहिं हुँदैन। आफ्नो प्राथमिक शिक्षा पूरा गरेपछि म डी.ए.बी. स्कुल लाहौरमा भर्ना भएँ, अनि पूरै एक वर्ष स्कुलको छात्रावासमा रहें। त्यहाँ बिहान र साँझ प्रार्थना गर्नुका साथै घन्टौं गायत्री मन्त्र जप गर्थे। म पूरै भक्त थिएँ। पछि म पिताजीसँग बस्न थालें। धार्मिक रूढ़िवादिताका सवालमा पिताजी एक उदारवादी व्यक्ति हुनुहुन्थ्यो। उहाँले दिएको शिक्षाबाट नै मैले स्वतन्त्रताको प्राप्तिका लागि आफ्नो जीवन समर्पित गर्ने प्रेरणा पाएको हुँ। परन्तु उहाँ नास्तिक हुनुहुन्न। उहाँ ईश्वरमा दृढ विश्वास गर्नुहुन्छ। उहाँले मलाई प्रतिदिन पूजा-प्रार्थनाका लागि प्रोत्साहित गर्नुहुन्थ्यो। मेरो पालनपोषण यसप्रकारले भयो। असहयोग आन्दोलनका दिनमा म नेशनल कलेजमा प्रवेश गरें। त्यहाँ गएर नै मैले सारा धार्मिक समस्याहरू लगायत ईश्वर सम्मका बारेमा उदारतापूर्वक सोच्न, विचार गर्न राग शुसाल र त्यसको आलोचना गर्न सुरु गरें। तर म अझै पनि पक्का आस्तिक थिएँ। त्यस समयसम्म मैले आफ्नो केश नकाटेर लामो बनाएर पाल्न थालेको थिएँ। हुन त मलाई सिख या अन्य धर्मका पुराण-कथाहरूमा विश्वास थिएन तर पनि मलाई ईश्वरको अस्तित्वमा दृढ विश्वास थियो।। पछि म क्रान्तिकारी पार्टीमा संलग्न भएँ। त्यहाँ पहिला जुन नेतासँग सम्पर्क भयो। उनी। ईश्वरमा पक्का विश्वास नगरे पनि ईश्वरको अस्तित्वलाई इन्कार गर्ने साहस गर्न सक्तैनथे। ईश्वरका बारेमा मैले हठपूर्वक सोधेपछि उनले भनेथे-'जहिले इच्छा हुन्छ तहिले पूजा गर।' यो त्यस्तो नास्तिकता हो जसमा आफ्नो विश्वासलाई अँगाल्ने साहसको अभाव हुन्छ।

अर्का नेता जसको सम्पर्कमा म आएँ उनी थिए आदरणीय कमरेड सचिन्द्रनाथ सन्याल जो अहिले काकोरी षड्यन्त्र काण्ड का सिलसिलामा आजीवन कारावास भोग्दै हुनुहुन्छ, वहाँ पक्का श्रद्धालु हुनुहुन्थ्यो। उहाँको एउटै प्रसिद्ध पुस्तक 'बन्दी जीवन' मा पहिलो पृष्ठदेखि नै ईश्वरको महिमाको बढाईचढाई प्रशंसा गरिएको छ। त्यस पुस्तकको दोस्रो भागको पछिल्लो पृष्ठमा ईश्वरका प्रशंसामा उहाँले वेदान्ती दर्शनका। रहस्यका तर्कपुष्पहरू बर्साउनुभएको छ। त्यो उहाँको विचारको अचम्मको अध्याय हो। २८ जनवरी १९२५ मा पूरै भारतभरि 'दि रिभोल्युसनरी' (क्रान्तिकारी) शीर्षकको पर्चा बाँडिएको थियो। यो पर्चा उहाँलाई पर्चाको विषयमा अभियोग लगाउनेका अनुसार उहाँकै बौद्धिक परिश्रमको उपज थियो। यसप्रकारका गुप्त कार्य हरूमा कुनै मुख्य ने ताले अनिवार्यरूपले आफैले मन पराएका विचारहरू राख्दछन् र अन्य कार्यकर्ताहरूले आफ्ना मतभेदहरू थाती राख्दै उक्त कुरामा सहमत हुनैपर्छ। त्यस पर्चामा पूरै एक अनुच्छेद त्यस सर्वशक्तिमान् तथा उसका लीला एवं कार्यहरूका प्रशंसाले भरिएको थियो। यो सबै रहस्यवाद हो। मैले भन्न खोजेको के हो भने क्रान्तिकारी दलभित्र पनि ईश्वरप्रति अविश्वासको भाव प्रस्फुटित भएको थिएन। काकोरी काण्डका सबै चारैजना सहिदहरूले आफ्नो अन्तिम दिन भजन-प्रार्थना गरेर बिताएका थिए। रामप्रसाद विस्मिल एक रूढिवादी आर्यसमाजी थिए। समाजवाद र साम्यवादप्रति आफ्नो व्यापक अध्ययन हुँदाहुँदै पनि उनले उपनिषद् र गीताका श्लोकहरू उच्चारण गर्ने अभिलाषा दबाउन सकेनन्। मैले केवल एउटै व्यक्ति देखें जसले कहिल्यै प्रार्थना गरेनन्। उनी भन्ने गर्थे, 'दर्शनशास्त्र मनुष्यको दुर्बलता अथवा ज्ञानको सीमितताका कारणले उत्पन्न हुन्छ।' उनले पनि आजीवन कारावास भोगिरहेका छन् तर पनि ईश्वरको अस्तित्वलाई इन्कार गर्ने हिम्मतचाहिँ गरेनन्। त्यस समयसम्म म केवल एक रोमान्टिक आदर्शवादी क्रान्तिकारी थिएँ। त्यसबेला हामी। अर्काको अनुसरण मात्र गर्थ्यौ। जब आफ्नो काँधमा जिम्मेबारी बहन गर्ने समय आयो तब केही समयसम्म त हामीले सामना गर्नुपर्ने अवश्यम्भावी प्रतिक्रियाका फलस्वरूप पार्टीको अस्तित्व नै सम्भव छैन कि जस्तो लाग्यो। उत्साही कमरेडहरूले मात्र होइन, नेताहरूले पनि हाम्रो उपहास गर्न थाले। केही समयसम्म त मलाई पनि आफ्नो कार्यक्रमको व्यर्थताका बारेमा विश्वस्त हुन्छु कि अथवा आफ्नो क्रान्तिकारी कार्यक्रमको औचित्यप्रति विश्वास हराएछ कि भन्ने डर लागिरह्यो। त्यो मेरो क्रान्तिकारी जीवनको एक निर्णायक बिन्दु थियो। अध्ययन गर्नुपर्छ भन्ने पुकार मेरा मनका कुनाकुनामा गुन्जिरहेको थियो। विरोधीहरूले तेर्स्याएका तर्कहरूको सामना गर्न र आफू सक्षम हुनाका लागि अध्ययन गरस आफ्ना विचारको समर्थनमा तर्क दिनका लागि आफूलाई सक्षम बनाउन पढ। मैले पढ्न सुरू गरें। पढाइले गर्दा मेरा पुराना विचार र विश्वासहरू अदभुत रूपले परिष्कृत भए। हिंसात्मक तरिका अँगाल्ने क्रान्तिकारी रोमाञ्च जुन मेरा पुराना साथीहरूमा अत्यधिक व्याप्त थियो, अब त्यसको ठाउँ गम्भीर विचारहरूले लिन थाले। न ज्यादा रहस्यवाद, न त अन्धविश्वास, यथार्थवाद नै मेरो विचारको आधार बन्यो। हिंसा तबमात्र न्यायोचित हुन्छ जब कुनै विकट आवश्यकताका कारणले प्रयोग गरिन्छ। अहिंसा नै सबै जनआन्दोलनको अनिवार्य र अपरिहार्य सिद्धान्त हुनुपर्छ।। यो त क्रान्तिका तरिकाहरूको कुरा भयो। सबैभन्दा आवश्यक कुरा त त्यस आदर्शको स्पष्ट धारण हो जसका लागि हामी लड्नु छ (अर्थात सर्वप्रथम कुन आदर्श प्राप्तिका लागि हामी लड्दैछौं भन्ने स्पष्ट धारणा हुनुपर्छ)। त्यस समयमा कुनै क्रान्तिकारी कार्य भएका थिएनन्। त्यसैले मलाई विश्वक्रान्तिका अनेकौं आदर्शका बारेमा पढ्ने साहै मौका मिल्यो। मैले अराजकतावादी नेता बाबुनिन पढे, केही मात्रामा साम्यवादका पिता मार्क्सलाई पढे तर धेरै जसो लेनिन, ट्राटस्की तथा अन्य व्यक्तिहरूलाई पढे जसले आफ्ना देशमा क्रान्ति सफल पारेका थिए। ती सबै नास्तिक थिए। बाबुनिनको पुस्तक 'ईश्वर तथा राज्य' आफ्नो विषयमा केही पक्षमा एक राम्रो अध्ययन हो। पछि निरलम्ब स्वामीद्वारा लेखिएको एक पुस्तक "सहज ज्ञान" मैले पढ्न पाएँ। यसमा केवल रहस्यवादी नास्तिकता थियो। यस विषयप्रति मेरो गहिरो रूचि बस्यो। सन् १९२६ का अन्त्यसम्ममा मभित्र एउटा विश्वास पक्का भयो, त्यो के भने एक सर्वशक्तिमान पुरम आत्माले यो बह्माण्ड सृजना गरयो, यसको निर्देशन र सञ्चालन गयो भन्ने कुरा कोरा बकवास मात्र हो। मेरो यो अविश्वासलाई मैले प्रकट गरे। यस विषयमा आफ्ना साथीहरूसँग बहस गरें। म एक उद्घोषित नास्तिक भइसकेको थिएँ तर कारण के थियो, यो म अगाडि बताउनेछ।

मई १९२७ मा म लाहौरमा गिरफ्तार भएँ। गिरफ्तारी अकस्मात् भयो। पुलिस मेरो खोजीमा छ भन्ने ख्याल मलाई पटक्कै थिएन। एउटा बगैचाबाट जाँदै गर्दा मैले थाहा पाएँ म चारैतिरबाट पुलिसद्वारा घेरिएको छु। म आफैंलाई आश्चर्य लाग्यो कि म त्यसबेला अत्यन्त शान्त थिएँ, कुनै सन्सनी पैदा भएन, कत्ति पनि उत्तेजना अनुभव भएन। मलाई प्रहरी हिरासतमा लगियो। अर्को दिन मलाई रेलवे प्रहरी हवालातमा लगियो। त्यहाँ मैले पूरा एक महिना गुजार्नुपयो। प्रहरी अधिकृतहरूसँगको कैयौं दिनको कुराकानीपछि 'मलाई कस्तो लाग्यो भने काकोरी दलसँगको मेरो सम्बन्धका बारेमा तथा क्रान्तिकारी आन्दोलनसँग सम्बन्धित मेरा गतिविधिका बारेमा प्रहरीलाई केही जानकारी छ। उनीहरूले मलाई के बताए भने काकोरी दलसँग सम्बन्धित मुद्दा लखनऊमा चलेका बेला म त्यहीं नै थिएँ मैले उनीहरूलाई छुटाउने कुनै योजनाका बारेमा कुरा गरेको थिएँ र उनीहरूको सहमति पाएपछि हामीले केही बमहरू प्राप्त गऱ्यौं। १९२७ को दशहराका अवसरमा ती बमहरूको परीक्षणका लागि एउटा बम भीडमा फालियो। त्यसपछि उनीहरूले मेरो हितमा के बताए भने यदि मैले क्रान्तिकारी दलका गतिविधिहरू खुलस्त पार्ने खालको एक वक्तव्य दिएँ भने मलाई गिरफ्तारसमेत नगरी अदालतमा बयान पनि नगराई रिहा गरिनेछ अनि इनाम दिइनेछ। यो सुनेर म हाँसे। यो सब बेकारको कुरा थियो। हाम्रो जस्तो विचार लिने मान्छेले आफ्ना निर्दोष जनतामाथि बम फ्याँक्दैनन्। एकदिन बिहान सी. आई.डी.का वरिष्ठ निरीक्षक श्री न्यूमन मकहाँ आए। लम्बा चौडा सहानुभूतिका कुराकानीपछि। उनले मलाई आफ्नो तर्फबाट अत्यन्त दुःखद कुरा भनेर के बताएँ भने यदि मैले। उनले मागेबमोजिमको वक्तव्य दिइनँ भने उनी मलाई ८ काकोरी काण्डसँग सम्बन्धित विद्रोह चलाएको षड्यन्त्रमा र दशहरा बमकाण्डमा गरिएको क्रूर हत्याहरूका अभियोगका मुद्दामा फसाउन बाध्य हुनेछन्। उनले यो पनि बताए कि मलाई सजाय दिलाउन वा फाँसीमा झुण्ड्याइदिनका लागि उनीसँग पर्याप्त प्रमाणहरू छन्। ती दिनमा मलाई के विश्वास थियो भने हुन त म बिलकुल निर्दोष थिएँ तर प्रहरीले चाहेमा यस्तो गर्न नसक्ने कुरै थिएन। त्यसै दिनदेखि केही प्रहरी अधिकृतहरूले मलाई नियमितरूपमा दुई समय ईश्वरको प्रार्थना गर्नका लागि फकाउन सुरू गरे। तर त्यसबेला म नास्तिक थिएँ। म आफ्नै लागि एउटा कुरा राम्ररी निधो गर्न चाहन्थे कि मैले शान्ति र आनन्दका दिनमा मात्रै नास्तिक हुने हिम्मत गर्न सक्छु अथवा अत्यन्त कठिन परिस्थितिमा पनि म आफ्ना यी सिद्धान्तहरूमा अडिग रहन सक्छ। धेरै सोचेपछि म के निष्कर्षमा पुगें भने कुनै पनि प्रकारले मैले ईश्वरमा विश्वास तथा प्रार्थना गर्न सक्दिन, एक क्षणका लागि पनि सक्दिन। यो नै मेरो वास्तविक परीक्षा थियो र म सफल पनि भएँ। एकछिन पनि अरू कुराहरूको मूल्य चुकाएर आफ्नो गर्धन बचाउने इच्छा मलाई भएन। त्यसबेला म एक पक्का अविश्वासी थिएँ र त्यहींदेखि लगातार यहीं विश्वासमा रहेको छु। यस परीक्षणमा सफल हुनु सजिलो कुरा थिएन। 'विश्वास' ले हाम्रा कष्टपीडालाई हल्का बनाइदिन्छ र अझ सुखप्रद पनि बनाइदिन सक्छ। ईश्वरमा विश्वास गर्ने मानिसले अत्यधिक सान्त्वनाका साथै कष्ट-पीडाका अवस्थामा एक आधार पनि प्राप्त गर्दछ। ईश्वरको विश्वास नगर्ने मान्छेले आफैमा निर्भर गर्नुपर्छ। आँधी तूफान र झंझावातका बीचमा आफ्नै खुट्टामा उभिएर रहनु कुनै केटाकेटीको खेल होइन। यस्ता परीक्षाका कठिन घडीमा यदि अहंकार छ भने पनि त्यो बाफ भएर उडिजान्छ।

त्यसबेला अहंकारका कारणले मान्छेले आत्मविश्वासका कुराको अवज्ञा गर्ने (नमान्ने) साहस गर्न सक्दैन। यदि अवज्ञा गर्दछ भने निष्कर्ष यहीं निस्किन्छ कि त्यसका साथमा केवल अहंकार होइन बरू अर्कै कुनै शक्ति छ। आज स्थिति बिलकुल त्यस्तै छ निर्णयको पूरापूरा जानकारी छ। एक हप्ताभित्रै घोषित हुनेछ कि म आफ्नो जीवन एक ध्येयका लागि विसर्जित गर्न जाँदैछु। यो विचारभन्दा अर्को सान्त्वना मलाई के हुनसक्छ ? ईश्वरमा विश्वास राख्ने हिन्दूले पुनर्जन्ममा एक राजा हुने या गर्न सक्छ, एक मुसलमान वा इसाई स्वर्गमा गएर पर्याप्त आनन्द भोग्ने तथा आफ्नो कष्ट र वलिदानका लागि पुरस्कारको कल्पना गर्न सक्छ। तर मैले के आशा गरूँ ? मैले जानेको छु– जुन क्षण डोरीको गाँठो मेरा घाँटीमा लगाइनेछ र मेरा खुट्टामुनिबाट तख्ता हटाइनेछ, त्यो जीवनको पूर्णविराम हुनेछ। त्यो अन्तिम क्षण हुनेछ। म या आध्यात्मिक शब्दावलीका अनुसार मेरो आत्मा पूर्णरूपले त्यहीं समाप्त हुनेछ। अगाडि केही बाँकी रहनेछैन। एउटा सानोतिनो जुध्दै गरेको जिन्दगी, जसको कुनै गौरवमय परिणति थिएन, आफैमा एक पुरस्कार हुनेछ- ममा जीवनलाई यस दृष्टिले हेर्ने साहस होस् यहीं नै पर्याप्त छ, यत्ति मै सबथोक छ।'

कुनै स्वार्थ नराखीकन, यहाँ वा यस। जन्मपश्चात्, कतै कुनै पुरस्कारको इच्छा नराखीकन, मैले अनाशक्तभावले आफ्नो जीवनलाई स्वतन्त्रताको ध्येयका लागि समर्पित गरेको छ किनभने अरू कुनै कुरा मैले गर्ने सक्दिनथे। जुन दिन हामीहरूसँग यस्तो मनोवृत्तिका धेरै पुरूष र महिलाहरू हुनेछन् जसले आफ्नो जीवनलाई मनुष्यको सेवा तथा पीडित मानवताको उद्धारका अतिरिक्त कतै कहीं समर्पित गर्न नै सक्दैनन् त्यही दिन मुक्तिको युगको शुभारम्भ हुनेछ। उनीहरू शोषक, उत्पीड़क तथा अत्याचारीहरूलाई चुनौती दिनका लागि उत्प्रेरित हुनेछन् तर यस निम्ति होइन कि उनीहरूलाई अर्को जन्ममा राजा बन्नु छ, स्वर्गको सुख भोग्नु छ वा मृत्युपछि वलिदानको पुरस्कार प्राप्त गर्नु छ। उनीहरूले त मानवताको गर्धनबाट दासवृत्तिको जुवा निकालेर फ्याँकिदिन तथा मुक्ति र शान्ति स्थापित गर्नका लागि यो मार्ग ग्रहण गर्नुपर्छ। के उनीहरू यस मार्गमा हिड्लान् जुन उनीहरू स्वयम्का लागि खतरनाक भए पनि तिनको महान् आत्माका लागि एकमात्र कल्पनीय मार्ग हो। यस्तो महान् ध्येयप्रति तिनको गर्वको भावनालाई के त अहंकार भनेर गलत अर्थ लगाउन सकिन्छ। यस प्रकारको घिनलाग्दो विशेषण बोल्ने हिम्मत कसले गर्छ ? मैले उसलाई के भन्छ भने ऊ एक मूर्ख हो या एक धूर्त हो। हामीले उसलाई क्षमा गर्नुपर्छ किनभने उसले ती महान् हृदयमा लहराएका उच्च विचारहरू, भावनाहरू, आवेगहरू तथा तिनको गहिराइको अनुभव गर्न सक्दैन, उसको हृदय, मासुको एक टुक्राजस्तै मुर्दा छ, उसका आँखामा अनेकानेक स्वार्थका प्रेतछायाँ पर्नाले ती कमजोर भएका छन्। आफूप्रति भरोसा गर्ने, गुणलाई सदैव अहंकारको संज्ञा दिइन्छ, यो दुःखपूर्ण एवं कष्टप्रदं कुरा हो तर यसको अर्को उपाय नै के छ र ? (ठीक छ, उनीहरू भनिरहून्, दोष लगाइरहून्)।

तिमी जाऊ र कुनै प्रचलित धर्मको विरोध गर जाऊ अनि कुनै हिरो वा महान व्यक्तिको आलोचना गर, जसका बारेमा सामान्यतः के विश्वास गरिएको होस् भने ऊ आलोचनाभन्दा पर छ किनकि उसबाट गल्ती नै हुन सक्दैन।। यसको परिणाम के हुन्छ भने तिम्रो तर्कशक्तिलाई हजारौं मान्छेले घमण्ड वा व्यर्थको अभिमान भनेर आक्षेप लगाउनेछन्। यस्तो कुरा मानसिक जड़ताका कारणले हुन्छ। आलोचना तथा स्वतन्त्र विचार, एक क्रान्तिकारीका दुई अनिवार्य गुण हुन्। किनभने महात्माजी महान् हुनुहुन्छ, त्यसैले कसैले उहाँको आलोचना गर्नु हुँदैनस किनभने उहाँ धेरै माथि उठेको व्यक्तित्व हुनुहुन्छ, त्यसैले उहाँले भनेका हरेक कुरा चाहे राजनीतिक क्षेत्रका होऊन अथवा धर्म, अर्थशास्त्र वा नीतिशास्त्रका होऊन, सबै सही छन्स तपाईले विश्वास गर्नोस् वा नगर्नोस् तर त्यसलाई सत्य छ भन्नैपर्छ। वास्तवमा यस्तो मानसिकताले विकासतिर लैजान सक्दैन। यो त स्पष्ट प्रतिक्रियावादी विचार हो।

हाम्रा पूर्व जहरूले सर्वशक्तिमान् परमेश्वरका प्रति विश्वास कायम गरेका थिए, यसकारण यदि कुनै व्यक्तिले त्यो विश्वासको सत्यता वा त्यस परम-आत्माको अस्तित्वलाई नै चुनौती दिन्छ भने उसलाई विधर्मी वा विश्वासघाती भनिन्छ। उसका तर्कहरू यदि वितर्कद्वारा खण्डन गर्न नसकिने अकाट्य छन् भने अनि उसको आस्था यति प्रबल छ कि त्यसलाई ईश्वरको क्रोधले हुन सक्ने विपत्तिको डर देखाएर पनि दबाउन सकिन्न भने उसलाई व्यर्थको अभिमानी भनेर निन्दा गरिन्छ, उसको स्वभावमा अहंकार भरिएको छ भनेर निन्दा। गरिन्छ। तब यस्तो बेकामको विवादमा समय नष्ट गरेर के फाइदा ? तर फेरि यी सारा कुरामा बहस गर्ने प्रयास किन गर्ने त ? किनभने, यो लामो बहस जनताका सामु आज पहिलो पटक आएको छ र आजै पहिलो पटक यस विषयमा वस्तुगतरूपमा चर्चा हुँदैछ।

पहिलो प्रश्नका सवालमा मलाई लाग्छ, मैले सफासफी भनिदिएको छ कि, यो मेरो अहंकार थिएन जसले मलाई नास्तिकतातर्फ लग्यो। मेरो तर्कको तरिका सन्तोषजनक हुन्छ कि हुँदैन, यसको निर्णय मेरा पाठकहरूले नै गर्नुपर्छ मैले होइन। म के जान्दछु भने वर्तमान परिस्थितिमा ईश्वरप्रतिको विश्वासले मेरो जीवन सजिलो तथा मेरो दुःखको भारी हलुङ्गो पारिदिन्छ अनि ईश्वरप्रतिको अविश्वासले सारा वातावरण अत्यन्तं नीरस बनाइदिएको छ र परिस्थितिले कठोर रूप लिन सक्छ। अलिकति रहस्यवादले जीवनलाई कवित्वमय बनाउन सक्छ। परन्तु मेरो भाग्यलाई कुनै उन्मादको सहारा चाहिदैन। म यथार्थवादी हुँ। म आफ्नो आन्तरिक प्रकृतिमाथि विवेकका सहायताले विजय गर्न चाहन्छु। यस ध्येयमा म सदैव सफल भएको छैन। लागिपर्नु तथा प्रयास गर्नु मनुष्यको कर्तव्य हो, सफलता त संयोग तथा वातावरणमा निर्भर गर्दछ।

दोस्रो सवाल के छ भने, नास्तिकता यदि मेरो अहंकार होइन भने ईश्वरको अस्तित्वका बारेमा प्राचीन तथा वर्तमानमा पनि प्रचलित श्रद्धाप्रति अविश्वास गर्नाको कुनै कारण त हुनुपऱ्यो। हजुर, अवश्य नै कारण छ, अब म त्यस विषयको चर्चा गर्दछु।

(क्रमश.....)

---

## डिंगरनगर...

प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा (१) मा, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था छ। यो ऐन बन्नुभन्दा अगाडि पनि नेतृत्वमा दुई कार्यकालभन्दा बढी बस्नु संघीय कानुनविपरीत छ। तर स्थानीय कांग्रेस नेता घनश्याम तिवारी राजनीतिक शक्तिको आडमा ऐनलाई कुल्चेर यो सहकारीमा १७ वर्षदेखि अध्यक्ष पदमा थिए।

सहकारीमा बद्मासी भएको छनक पाएपछि करिब चारसयजना सदस्यले बचत फिर्ताका लागि सहकारीमा निवेदन दिएका थिए। निवेदनपछि सहकारी सञ्चालक समिति तथा सहकारीका केही सदस्य बसेर १९ असारदेखि सर्वसाधारणको बचत फिर्ता गर्ने सहमतिअनुसार निर्णय भएको थियो।

तर सहकारीका अध्यक्ष र सचिवले अर्को दिन उक्त सहमतिको माइन्युट नै च्यातेर फरार भएका छन्। उक्त सहकारीमा भएको बचत अपचलनको छानबिनमा संलग्न पूर्व सल्लाहकार बेलप्रसाद शर्माका अनुसार प्रारम्भिक अनुसन्धानमा करिब १५ करोड हिनामिना भएको पाइएको र यो रकम बढ्न पनि सक्ने बताए। 'अध्यक्ष र सचिवले वचत फिर्ता दिने सहमतिको माइन्युट नै च्यातेपछि अरु कागजात र प्रमाण नष्ट हुन नदिन वडा कार्यालयले सहकारीमा तालाबन्दी गरेको थियो,' शर्माले भने-'तालाबन्दीपछि तीन सय बढी सदस्यहरुको हस्ताक्षरसहित प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा बचत फिर्ताको माग गर्दै निवेदन दिएका छौं।'

निवेदन दिएपछि प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट आएको टोलीले अनुसन्धान थालेको छ। प्रतिवेदन नआउन्जेल सहकारीको तालाबन्दी यथावत छ।

सहकारीको रकम अध्यक्ष तिवारीले घडेरी, होटल तथा चुनढुंगा खानीमा लगानी गरेको शेयर सदस्यहरुको दाबी छ। तिवारीले तिलोत्तमाको जानकी नगरमा होटल एचके र जोगिकुटी चोकमा घर खरिद गरेका र सहकारीको रकमबाटै उनी र सचिव रामबहादुर थापा मिलेर ढुंगाखानी खरिद गरेको सूचना आएको शेयर सदस्यको दाबी छ।

अध्यक्ष तिवारीले संस्थाको करिब ६ देखि ८ करोड रकम अपचलन गरेको अनुमान छ। सहकारीका सचिव रामबहादुर थापाले ३ करोडभन्दा बढी रकम अपचलन गरेको देखिएको छ। त्यस्तै, सहकारीको कार्यसमित सदस्य सनत गौतमले १ करोड २५ लाखभन्दा बढी रकम अपचलन गरेको भेटिएको छ।

माइन्युट नै च्यातेर फरार भएपछि उनीहरूले अरु रकम पनि हिनामिना गरेको अनुमान छ। लेखापरीक्षकले दिने अन्तिम रिपोर्टपछि मात्र कति हिनामिना भएको यकिन हुने सहकारीका कोषाध्यक्ष सुरेन्द्र वज्राचार्यले बताए।

सहकारी ऐन, निर्देशन तथा मापदण्डअनुसार सहकारीका सञ्चालकले बचत रकमको पाँच गुणा वा बढीमा पाँच लाखमध्ये जुन कम हुन्छ, सो बराबरको रकम मात्र बिनाधितो ऋण लिन सक्छन्। यसरी बिनाधितो कर्जा प्रवाह गर्दा कम्तीमा दुई जना सदस्यहरूको जमानी लिनुपर्ने व्यवस्था छ।

तर यो सहकारीमा ऐनविपरीत बचत अपचलन भएको छ। सहकारीका व्यवस्थापक, अध्यक्ष र सचिवले सहकारीको सफ्टवेयरमा नै मिलाएर आफूखुसी बचतकर्ताको रकम दुरुपयोग गर्ने गरेको भेटिएको छ। ऋण नै नलगेका बचतकर्ताको नाममा ऋण प्रवाह गर्ने गरेको र कम रकम ऋण लगेका ऋणीका नाममा थप ऋण लगेको देखाइएको छ।

सुरुमा व्यवस्थापक वसन्त पराजुलीले रकम हिनामिना गरेको भनेर ८ करोड ५० लाखको कबुलियतनामा कागज बनाएर उनलाई निलम्बन गरिएको थियो। तर थप छानबिनको विषय उठ्न थालेपछि अध्यक्ष तिवारी र सचिव थापा छानबिनका लागि सहयोग गर्नुको सट्टा बैठक छल्दै काठमाडौं गएपछि थप बद्मासीको आशंका भएर करिब चार सय सदस्यले बचत फिर्ताको निवेदन दिएका थिए।

२०५० सालमा स्थापना भएको सहकारीमा करिब २ हजार सदस्य रहेको पीडित बचतकर्ता माधव पन्थीले बताए। सहकारीले मुख्यरुपमा दूध संकलन र बिक्रीको कारोबार गरिरहेको छ।

लुम्बिनी प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयका दर्ता अधिकारीकाअनुसार डिंगरनगर दूरगामीसहित प्रदेशका २५ वटा सहकारी संस्थाका बचतकर्ताले बचत फिर्ताको पहल गरिदिन मागसहित निवेदन दिएका छन्।

बचत फिर्ताको पहल गरिदिन माग गर्दै उजुरी दर्ता गरेकामध्ये डिंगरनगर दूरगामीसहित १५ बहुउद्देश्यीय, ९ बचत तथा ऋण र एउटा जडीबुटी सहकारी छन्।

ती सबै सहकारी संस्थामा कम्तीमा १० हजार बचतकर्ताको करोडौं रकम अपचलन भएको अनुमान गर्न सकिने सहकारी क्षेत्रका जानकारहरु बताउँछन्।

लुम्बिनी प्रदेशका करिब ४ हजार सहकारीमध्ये धेरैजसो स्थानीय तहमा दर्ता भएका छन्। प्रदेशमा दर्ता १३० र साविकका जिल्ला सहकारी डिभिजन कार्यालयबाट हस्तान्तरण भएका गरी अहिले ८४८ सहकारी हेर्ने क्षेत्र अधिकार प्रदेश सहकारी दर्ता कार्यालय लुम्बिनीलाई छ।

प्रदेशका १२ वटा जिल्लाका ८ सय ४८ सहकारीको नियमन र अनुगमन गर्न जम्मा ४ जना कर्मचारी छन्। दरबन्दी १३ जनाको भए पनि चार जना मात्र कर्मचारी र साधनस्रोत अभावमा अपेक्षाकृत अनुगमन हुन सकेको छैन।

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३



मध्यपहाडी लोकमार्गः
रुकुमपूर्वको सिस्ने गाउँपालिका-६ स्थित मेला डाँडाको तल कोरबासको भीरमा निर्माण गरिएको राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गतको रुकुमकोट-मुसिकोट सडकखण्ड । तस्विरः कुलदीप न्यौपाने/रासस

# स्याङ्जामा ९२ प्रतिशत खर्च, ४५ करोड फ्रिज




**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जालाई आर्थिक वर्ष २०८१/०८२ मा संघीय र प्रदेश सरकारबाट प्राप्त भएको कुल बजेटको झण्डै ९२ प्रतिशत रकम खर्च भएको छ। संघ र प्रदेशबाट प्राप्त ११ अर्ब २५ करोड ९६ लाख ६० हजार ९ सय ६९ रुपैयाँमध्ये झण्डै ९२ प्रतिशतले हुन आउने १० अर्ब ३४ करोड ८४ लाख १२ हजार ७ सय ३९ रुपैयाँ खर्च भएको हो।

संघीय सरकारबाट जिल्लालाई चालु र पुँजीगत गरी ८ अर्ब १८ करोड ३३ लाख ५२ हजार २ सय ९२ रुपैयाँ प्राप्त भएकोमा ९६ दशमलब २० प्रतिशत अर्थात् ७ अर्ब ८७ करोड २७ लाख १३ हजार २ सय ३६ रुपैयाँ खर्च भएको कोष तथा लेखानियन्त्रण कार्यालय स्याङ्जाले जनाएको छ। संघ सरकारले दिएको चालु खर्च ८ अर्ब ६ करोड ५० लाख ७८ हजार २ सय ९२ रुपैयाँमध्ये ९६ दशमलब ४८ प्रतिशतले हुने ७ अर्ब ७८ करोड ११ लाख ८ हजार ७ सय ६४ रुपैयाँ खर्च भएको छ। पुँजीगत खर्चतर्फ प्राप्त ११ करोड ८२ लाख७४ हजारमा ७७ दशमलब ४५ प्रतिशत अर्थात् ९ करोड १६ लाख ४ हजार ४ सय ७१ रुपैयाँ खर्च भएको छ।

प्रदेशबाट चालु र पुँजीगत खर्चका रुपमा ३ अर्ब ७ करोड ६३ लाख ८ हजार ६ सय ८८ रुपैयाँ प्राप्त भएकोमा ८० दशमलब ४८ प्रतिशतले हुने २ अर्ब ४७ करोड ५६ लाख ९९ हजार ५ सय ३ रुपैयाँ खर्च भएको स्याङ्जाका प्रमुख कोष नियन्त्रक थमनारायण शर्माले बताए।

प्रदेशकै चालु खर्चतर्फ ८२ करोड २२ लाख ५८ हजार ६ सय ७७ रुपैयाँको ८१ दशमलब २३ प्रतिशतअर्थात् ६६ करोड ७९ लाख ४० हजार ६ सय १४ खर्च भएको छ भने पुँजीगततर्फ २ अर्ब २५ करोड ४० लाख ५० हजार प्राप्त भएकोमा ८० दशमलब २० प्रतिशत अर्थात् १ अर्ब ८० करोड ७७ लाख ५८ हजार ८ सय ८८ खर्च भएको छ।

यस अवधिमा जिल्लामा ७९ करोड ६२ लाख ७५ हजार ७ सय ९ रुपैयाँ राजस्व संकलन भएको छ। संकलित राजस्वमध्ये संघीय सरकारलाई ६० करोड ७२ लाख ९६ हजार ९ सय ३२ र प्रदेश सरकारको राजस्व कोषमा १८ करोड ८९ लाख ७८ हजार ७ सय ७७ रुपैयाँ संकलन भएको छ।

आर्थिक वर्ष २०८१/०८२ मै प्रदेश सरकारको पुँजीगत खर्च मध्ये ४४ करोड ६२ लाख जिल्लाबाट फ्रिज (फिर्ता) भएको छ। पुँजीगत रकम फ्रिज गर्नेमा पूर्वाधार विकास कार्यालय ३६ करोड ९० लाख, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय २ करोड ६२ लाख र जलश्रोत तथा सिँचाइ विकास डिभिजनकार्यालय ६६ लाख रहेका छन् । योजना निर्माणमा विवाद र कार्यान्यनमा जटिलता सृजना भएपछि रकम फ्रिज हुन गएको विषयगत कार्यालयले जनाए।

विकासका नाममा जिल्ला आएको यति धेरै बजेट फ्रिज हुनु जिल्लाकै लागि राम्रो नहुने कोष नियन्त्रक शर्माले बताए। योजना छनोटमा हुने कमजोरी, बजेट कार्यान्वयनमा भएको ढिलासुस्ती र जथाभावी बजेट विनियोजन गर्ने पद्धतिले रकम फ्रिज भएको शर्माले दाबी गरे। रकम फ्रिज हुनुमा सरोकारवाला पक्ष र विषयगत कार्यालय जिम्मेवार रहेको शर्माको जिकिर गरे।

# कर्मचारी र मजदुरलाई प्रशिक्षण




बुटवल। पश्चिम नेपाल बस व्यवसायी प्रा.लि. अन्तर्गत कार्यरत कर्मचारी तथा मजदुरहरुलाई आफूसहित यात्रुको जीवन र कमाएको पैसा दुबै बचाउने उपायबारे प्रशिक्षण प्रदान गरेको छ। बिगतमा आफू मातहतका यातायात मजदुरहरुलाई दुर्घटना न्यूनीकरण र सवारी व्यवस्थापनबारे प्रशिक्षण दिँदै आएको प्रा.लि.ले यसवर्ष आफू दुःख पर्दाको साथि बन्ने योजनाका साथ कार्यक्रम सञ्चालन गर्ने भएको छ।

दैनिक हजारौं यात्रुलाई गन्तव्यमा पुऱ्याउने गाडीका चालक र सह-चालकहरुको आफ्नो जिन्दगी प्रायः अनिश्चितताको मोडमा हुने भएकोले दुर्घटनापश्चात् सामाजिक र पारिवारिक सुरक्षाको प्रत्याभूति दिलाउन रु. २२ लाखसम्मको आर्थिक सुरक्षा योजना लागु गरिएको पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.ले जनाएको छ। प्रा.लि.का अनुसार हरेक यातायात मजदुर, कर्मचारी र व्यवसायीले महिनाको १ हजारमात्र बचत गरेर रु. १५ लाखदेखि २२ लाखसम्म बिमा, क्षतिपूर्ति र राहत प्याकेज उपलब्ध गराउने योजना कार्यान्वयन गरिएको छ।

कार्यक्रममा प्रमुख प्रशिक्षक ट्राफिक प्रहरी कार्यालय बुटवलका प्रमुख एवं प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले प्रहरी, यातायात मजदुर र यात्रु सबै अनुशासित भएमा दुर्घटना न्यूनीकरण हुने विश्वास व्यक्त गरे। उपरीक्षक शर्माले सरकार अनुशासित भए प्रहरी अनुशासित हुने, प्रहरी अनुशासित भए सडक यातायात अनुशासित हुने र यातायात मजदुर र यात्रु अनुशासित भए दुर्घटना न्यूनीकरण हुने उल्लेख गरे।

पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.का अध्यक्ष दधिराम खरेलले आफू मातहतका यातायात श्रमिकहरुको व्यक्तिगत र पारिवारिक जीवनमा आर्थिक सुरक्षा र सामाजिक मर्यादा थप्ने अभियान सुरु गरेको बताए। यातायात क्षेत्रमा बढ्दो दुर्घटना र त्यसले निम्त्याउने क्षतिलाई न्यूनीकरण गर्न प्रा.लि.ले लामो समयदेखि सवारी चालक तालिम प्रदान गर्दै आएको उल्लेख गर्दै अध्यक्ष खरेलले अव दुर्घटना न्यूनिकरणका सवालमा मात्र नभै मजदुर तथा कर्मचारीहरुको आर्थिक सामाजिक सवालमा पनि प्रा.लि.ले उल्लेख्य प्याकेज कार्यान्वयनमा ल्याएको जानकारी दिए।

प्रा.लि. अन्तर्गत लामो दूरी तथा रात्री सेवाका यात्रुबहाक बसहरु चलाउने करिब २ सय चालक र सह-चालक सहभागी भएको सो कार्यक्रममा प्रशिक्षक एवं ट्राफिक प्रहरीका वरिष्ठ सहायक निरीक्षक ज्ञानु पाण्डेले चालक सह-चालकहरुलाई आफ्नो पेशा र जिम्मेवारीप्रति गम्भीर भएर लाग्न आग्रह गरे। प्रा.लि.का सवारी व्यवस्थापन तथा दुर्घटना न्यूनीकरणका संयोजक नारायण घिमिरेले पटक-पटकको तालिमले यातायात मजदुर तथा कर्मचारीहरुको व्यवहारमा सुधार आएको उल्लेख गर्दै सडक अनुशासन पालना गर्न आग्रह गरे।

कार्यक्रमका सहसंयोजक नारायण भण्डारी, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन लुम्बिनी प्रदेशका अध्यक्ष हुमबहादुर क्षेत्रीलगाएतले यातायात क्षेत्रमा मर्यादा, सुरक्षा र सामाजिक जिम्मेवारीसहित तालिम र सहकारी संयोजन गरेर नयाँ दिशा देखाएको बताएका थिए।

# केरा गाउँ 'बाँस्टारी'



वालिङ । स्याङ्जाको कालीगण्डकी गाउँपालिका-५ बाँस्टारीका अधिकांश कृषकले केराखेती गरेका छन्। बाँस्टारीका ३५ घरमध्ये अधिकांशले व्यावसायिक र केहीले घरायसी प्रयोजनका लागि बारीमा केरा लगाएका छन्।

बाँस्टारीमा विसं २०३६ आसपासमा स्थानीय प्रेमनारायण गौडेलले दुई वटा केराका उत्पादन सुरु गरेका थिए। पछि त्यसलाई विस्तार गरेर उनले व्यावसायिक केराखेती थालेका हुन्।

यहाँ धेरैजसोले आफ्नै जग्गा जमिन वा जमिन भाडामा लिएर पनि केराखेती गरिरहेका छन् । कालीगण्डकी नदी किनारमा फैलिएको समथर फाँटमा अवस्थित बाँस्टारी माटो तथा हावापानीका दृष्टिले पनि केराखेतीका लागि उपयुक्त छ। करिब ४५ वर्षअघि आफ्नो बुवाले लगाएको केराखेतीलाई पछिल्ला दिनमा विस्तार गर्दै व्यावसायिक रूपमा अगाडि बढाएको कृषक रविलाल गौडेलले बताए। उनले तीन रोपनी क्षेत्रफलमा व्यावसायिक केराखेती गरेका छन्।

गौडेलले हरिसाल र झापाली मालभोग जातका केराखेती गरेको बताए। गत वर्ष कालीगण्डकी गाउँपालिकाले व्यावसायिक केराखेतीमा जोड दिँदै केराका बेर्ना तथा अन्य सहयोग गरेपछि आफूलाई थप हौसला मिलेको उनको भनाइ छ। "अन्य बालीबाट भन्दा केराखेतीबाट राम्रो आम्दानी लिन सफल भएका हौं। बिरुवा लगाएको करिब १५ महिनामा उत्पादन लिन सकिन्छ, हाल केरा बिक्रीबाट वार्षिक रु एक लाख आम्दानी भइरहेको छ। आगामी दिनमा पाँच लाखसम्म आम्दानी लिन सकिन्छ भनेर व्यवस्थापनमा लागिरहेको छु।"-कृषक गौडेलले भने।

बाँस्टारीकै चन्द्रकान्त न्यौपानेले व्यावसायिक केराखेती गर्न थालेको १३ वर्ष भयो। उनले हाल नौ रोपनी क्षेत्रफलमा झापाली मालभोग जातको केरा लगाएका छन्। तीन रोपनी आफ्नो र छ रोपनी जग्गा भाडामा लिएर केराखेती गरिरहेको र यसबाट वार्षिक रु दुई लाख आम्दानी गरिरहेको उनले बताए। "यहाँ केरा उत्पादन गर्न सके बजारको कुनै समस्या छैन। केरा खरिदका लागि व्यापारी केराबारीमै आउँछन्। हाल व्यापारीलाई प्रतिदर्जन रु ७०/८० का दरले बिक्री गरिरहेको छु।"- न्यौपानेले भने।

विगतमा मकै, कोदो, सिल्टुमलगायत खाद्यान्न बाली लगाउँदै आएको बारीमा व्यावसायिक केराखेती गरेपछि आम्दानी राम्रो हुँदै गएको कृषकहरूको भनाइ छ। यहाँ धेरैजसोले केराखेती गरेका छन्, तर बेलाबेला गबारो, कोसामा कालाकाला थोप्लाहरु देखिने तथा गुवोमा असिना लागेर उत्पादनमा कमी आउने गरेको छ।

बाँस्टारीमा सबैगरी करिब १५० रोपनी क्षेत्रफलमा व्यावसायिक रुपमा केराखेती भइरहेको छ।

# सुई नपाउँदा छटपटिन्छन्, 'हेमोफिलिया'का बिरामी



दाङ । यहाँको तुलसीपुर उपमहानगरपालिका-७ स्थित रामबहादुर दहित लामो समयदेखि हेमोफिलियाका बिरामी हुन्। उनीसँगै उनका तीन दाजुभाइ यो रोगबाट ग्रसित छन् । तर, समयमा औषधि नपाउँदा वंशानुगत यो रोगबाट उनीहरू छटिपटिनुपर्ने अवस्था छ । यो रोगको उपचारका लागि बुटवल वा काठमाडौं जानुपर्ने अवस्था छ । "हामीले नजिकमा औषधि पाउँदैनौं", उनले भने-"यसका लागि काठमाडौं वा बुटवल जानुपर्छ।"

हप्तामा एकपटक बुटवल गएर 'फ्याक्टर' नामक औषधि सुईमार्फत् दिनुपर्छ । कुनै कारणले शरीरबाट रगत बगेमा त्यो रोकिँदैन । त्यो रोक्न सुई नै लगाउनु पर्छ । तर, त्यो जिल्लामा नहुँदा बुटवल वा काठमाडौं जानुपर्ने अवस्था छ । त्यसरी टाढा जाँदा बिरामी बाटोमै मृत्यु हुनसक्ने उनको भनाइ छ।

फ्याक्टर पनि सहजै पाउन सक्ने अवस्था नभएको हेमोफिलिया पीडित शेरबहादुर चौधरीले गुनासो गरे । "फ्याक्टर ल्याउन बुटवल जानुपर्छ, तर त्यहीँ पनि पाउन मुस्किल हुन्छ।"-उनले भने।

फ्याक्टर नामक सुईको मूल्य महँगो छ । तर, सरकारले अहिले निःशुल्क गरेको छ। लुम्बिनी प्रदेश सरकारले निःशुल्क गरे पनि औषधि आपूर्ति सहज छैन । सरकारले हेमोफिलियाका बिरामीलाई खासै चासो नदिएको उनले गुनासो गरे।

हाल लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र भेरी अस्पताल बाँकेमा पाइन्छ। दाङको तुलसीपुरमा मात्र ६ जना हेमोफिलियाका बिरामी छन्। तुलसीपुर उपमहानगरपालिकाले हेमोफिलियाका बिरामीलाई सुई लगाउन बुटवल जाँदा सहज होस् भनी बर्सेनि आर्थिक सहयोग गर्ने गरेको छ। चालु आर्थिक वर्षमा मात्र पनि प्रतिबिरामी रु १५ हजारका दरले आर्थिक सहयोग गरेको उप-महानगरपालिका प्रमुख टीकाराम खड्काले बताए।

के हो हेमोफिलिया ?

हेमोफिलिया रगतसम्बन्धी आनुवंशिक रोग हो । प्रोटिनको कमीबाट हुने यो रोग लागेपछि शरीरमा चोट लाग्दा या छाला काट्दा रगत नजम्ने समस्या हुन्छ । जसका कारण शरीरबाट रगत धेरै बग्छ। यसैले यो रोगबाट बिरामीको मृत्युसमेत हुनसक्ने तुलसीपुर उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन महाशाखा प्रमुख ओमपी न्यौपानेले बताए। "यो रोगको पूर्ण उपचार छैन । कुनै ठूलो चोट या दुर्घटनाका कारण हेमोफिलियाका रोगीको रगत बढी बग्ने सम्भावना भएकाले होसियार रहनुपर्छ।"-उनले भने।

यो रोग लागेका व्यक्तिको पिसाबमा रगत आउनु, गुदद्वारबाट रगत आउनु, सानो चोट लाग्दा पनि गहिरो घाउ हुनु, बिनाकारण शरीरमा घाउ हुनु, चोट लाग्दा धेरै रगत आउनु, बेलाबेलामा नाकबाट पनि रगत आउनु, जोर्नीमा पीडा हुनु, बच्चामा चिडचिडाहट हुनु, कयौँपटक आँखा धमिलो देखिनुजस्ता लक्षण हुन्छन्।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# अझै सम्पन्न भएन १३२ केभीको बुर्तिबाङ सबस्टेशन

ढोरपाटन । एक वर्ष अगाडि नै सञ्चालनमा आउने भनिएको एक सय ३२ केभी बुर्तिबाङ सबस्टेशनको निर्माणकार्य अझै सम्पन्न भएको छैन। बागलुङको बडिगाड गाउँपालिका-५ का स्थानीयले केन्द्रीय प्रसारण लाइनको तार तान्न अवरोध गरेपछि अहिलेसम्म काम सम्पन्न हुन नसकेको हो।

६ वर्ष अगाडि निर्माण सुरु भएको सबस्टेशन हालसम्म ९० प्रतिशतभन्दा बढी काम सकिएको छ। एक वर्षदेखि स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्चमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको थियो । गत वर्ष असार ९ गते सर्वोच्चले रिट नै खारेज गरिदिएको थियो। अहिले टावर निर्माण सम्पन्न भए पनि तार तान्ने काममा अवरोध भएको आयोजना प्रमुख मनोज चौधरीले जानकारी दिए।

पहाडी जिल्लालाई केन्द्रीय प्रसारण लाइनसँग जोड्नका लागि कपिलवस्तुको मोतिपुरदेखि आयोजना सुरु भएको थियो। उक्त आयोजनाले अर्घाखाँचीको सन्धिखर्क, गुल्मीको तम्घास, पौंदी अमराई हुँदै बुर्तिबाङ जोड्ने एक सय ३२ केभीको सबस्टेशन २०७८ सालदेखि निर्माण सुरु भएको थियो। ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा सबस्टेशन निर्माण भएको छ।

सबस्टेशनको काम सम्पन्न भए पनि लाइन तान्ने काम बाँकी हुँदा आयोजना समयमै सम्पन्न गर्न नकिएको प्रमुख चौधरीको भनाइ छ। स्थानीयले काममा अवरोध नगरेको भए गत वर्ष असार मसान्तमै विद्युत् सञ्चालनमा आउने उनले बताए।

मोतीपुरबाट सन्धिखर्कसम्मको लाइन २०७८ साल चैत १२ गते परीक्षण गरी सञ्चालन गरिएको र गुल्मी तम्घासको सबस्टेशन अघिल्लो वर्ष असार ७ गतेदेखि सञ्चालनमा आएको प्रमुख चौधरीले जानकारी दिए। बुर्तिबाङ सबस्टेशन सञ्चालनमा आउनका लागि अब पौंदी अमराईबाट बुर्तिबाङसम्मको १८ किलोमिटर तार तान्न बाँकी रहेको उनको भनाइ छ।

सबस्टेशन निर्माणका लागि छ वर्ष अगाडि ठेक्का प्रक्रिया गरी ४० करोडमा मुडभरी/जोशी/गौरा जेभीले जिम्मा लिएको थियो भने लाइन विस्तारका लागि करिब रु ८३ करोडको लागतमा सिक्माकोन/एमएसपील जेभीलाई जिम्मा दिइएको थियो। कपिलवस्तुबाट बुर्तिबाङ ८६ किलोमिटर दूरी रहेको छ। यहाँ डबल सर्किटको तार विस्तार हुनेछ।

"हामीहरूले अघिल्लो वर्ष नै काम सम्पन्न गरेर विद्युत् सेवा प्रवाह गर्ने गरी काम गरेका थियौं, सबै काम सकिएको थियो, जम्मा १८ किलोमिटर लाइन तान्न मात्र बाँकी छ", आयोजना प्रमुख चौधरीले भने-"यो अवरोध हटाउनका लागि स्थानीयसँग समय-समयमा छलफल भएको छ, विवाद समाधान भयो र काम सुरू भयो भने सकिनका लागि धेरै समय लाग्दैन।"

चौधरीले आयोजना सम्पन्न गर्ने म्याद अघिल्लो वर्षमा माघ २८ गते सकिएको र छ महिना थप गरेको भन्दै अवरोध नहट्दा निर्माण कम्पनीले काम गर्न नसकेको जनाए। प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले प्रसारण लाइनबाट प्रभावित बनेका स्थानीयलाई मुअब्जा दिलाउनका लागि कार्यदल गठन भएको जानकारी दिए। स्थानीयले मुअब्जा पाएपछि समस्या समाधान हुने उनको भनाइ छ। कार्यदलले प्रतिवेदन पेस गरेर मुअब्जा वितरण भएपछि काम अगाडि बढ्ने गुरुङले बताए।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com